का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक १४१
❒ ११ साउन २०७७, आइतबार
❒ 26 July 2020, Sunday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

| अपडेटः शनिबार साँझसम्म | | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|---|
| | नेपालमा | १८४८३ जना | १३०५३ जना | ३३९१५७ | ५३८५ | ४५ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | १ करोड ६० लाख २० हजार | ९७ लाख ९३ हजार | ६ लाख ४४ हजार | ५५ लाख ८२ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम




# बैठक रोकेर आरोप–प्रत्यारोप

विभाजनको संघारमा पुगेको सत्तारूढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) मा एक साताका लागि स्थायी कमिटी बैठक स्थगित भएकै बेला नेताहरू आरोप-प्रत्यारोपमा उत्रिएका छन् ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० साउन ।

प्रधानमन्त्री केपी शर्मा ओलीका प्रेस सल्लाहकार सूर्य थापाले नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई कडा जवाफ फर्काएका छन् । सामाजिक सञ्जाल फेसबुकमा लामो स्टाटस लेख्दै सल्लाहकार थापाले प्रचण्डलाई जवाफ दिएका छन् । थापाले नेपालको नक्सा जारी गर्ने निर्णय नेकपाको केन्द्रीय कमिटीले नगरेको उल्लेख गरेका छन् ।

गएको १५-१९ माघमा काठमाडौं सकिएको केन्द्रीय कमिटी बैठकले नेपालको नक्सा जारी गर्ने निर्णय नगरेको उनले जिकिर गरेका छन् । केन्द्रीय कमिटीको एघार बुँदे निर्णयमा नक्सा जारी गर्ने निर्णय नभएको थापाले जिकिर गरेका छन् । उनले उल्टै प्रचण्ड माथि कार्य सम्पादन गर्न नसक्ने र मपाइत्वको प्रदर्शन भएको आरोप लगाएका छन् ।

उनले केन्द्रीय कमिटी बैठकले एकताको काम १५ दिनभित्र सक्ने निर्णय गरेपनि कार्यान्वयन नभएको प्रचण्डमाथि आरोप लगाएका छन् । यसअगाडिका प्रधानमन्त्रीहरुले नक्सा जारी गर्न नसकेको र प्रचण्ड प्रधानमन्त्री हुँदा समेत यस्तो निर्णय हुन नसकेको संस्मरण गरेका छन् । पूर्व प्रधानमन्त्रीले यस्तो अभिव्यक्ति दिन उचित नहुने थापाको तर्क छ ।

शुक्रबार मात्रै प्रचण्डले नक्सा जारी गर्ने निर्णय पार्टीको भएको र प्रधानमन्त्री ओलीले लामो समयसम्म जारी नगरेको बताएका थिए । प्रचण्डले नक्सा जारी गर्न ढिलाइ गर्नेहरुले नै अरुलाई राष्ट्रघातीको आरोप लगाएको सार्वजनिक अभिव्यक्ति दिएका थिए ।

अर्का बरिष्ठ नेता माधवकुमार नेपाल सँगै एउटै मञ्चमा उभिएर प्रचण्डले प्रधानमन्त्रीकै सक्रियता र पहलमा नेकपा एमाले दर्ता गराउन खोजिएको आरोप समेत लगाए । स्थायी कमिटी बैठक चलिरहेकै बेला एमाले दर्ता गराउने अनि देशभर जुलुस निकाल्ने काम भएको प्रचण्डको भनाइ थियो ।

नेता नेपालले पनि प्रधानमन्त्री ओली विरुद्ध कडा अभिव्यक्ति दिएका थिए । अहंकार नत्यागे नेकपा नभएर व्यक्तिको पतन भएर जाने उनको भनाइ थियो । नेकपा विभाजनको पक्षमा ओली लागेको प्रचण्ड र नेपालले आरोप लगाएको भोलिपल्ट थापाले जवाफ फर्काएका हुन् । थापाले पार्टी एकताका काम गर्न नसक्नेले दोष भने अरुलाई दिने प्रवृत्ति देखिएको बताएका हुन् ।

प्रधानमन्त्रीका सल्लाहकार बाँकी पृष्ठ २ मा

# संक्रमितमा लक्षण !

पछिल्ला केही संक्रमितमा लक्षण समेत देखिन थालेको छ । यसअगाडि संक्रमण पुष्टि भएकाहरूमा बिना लक्षणका थिए । शनिबार ज्यान गुमाएकी बाराकी १७ वर्षीय किशोरीमा लक्षण देखिएको थियो ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० साउन ।

कोभिड महामारीको संक्रमणबाट शनिबार बारा परवाणीपुरकी १७ वर्षीय किशोरीको मृत्यु भएको छ । गत बुधबार ती किशोरीलाई स्वास फेर्न गाह्रो पर्ने, पखला लाग्ने लक्षण देखिएको थियो । लगत्तै उनलाई आरडीटी परीक्षण गरियो । आरडीटी रिपोर्ट पोजिटिभ देखिएको थियो ।

यसपछि ८ साउनमा उनलाई गण्डक कोरोना अस्पतालमा भर्ना गरिएको थियो । आरडीटी परीक्षण पछाडि पीसीआर परीक्षण गराउँदा पनि ती किशोरीमा कोरोना पोजिटिभ देखिएको थियो । उपचारकै क्रममा संक्रमित किशोरीको मृत्यु भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा.जागेश्वर गौतमले बताए । अर्थात्, ती किशोरीमा लक्षण देखिएको थियो ।

प्रवक्ता गौतमका अनुसार, राजधानी उपत्यकामा संक्रमण पुष्टि भएकोमा पनि लक्षण देखिएको छ । ९८ प्रतिशत संक्रमितमा लक्षण थिएन । तर, केही दिन यता संक्रमण पुष्टि भएकाहरुमा भने लक्षण देखिएको छ । इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका कार्यकारी निर्देशक डा वासुदेव पाण्डेका अनुसार, संक्रमितमा रुखाखोकी लाग्ने, श्वासप्रश्वासमा समस्या हुने, थकाइ लाग्ने, जीउ थाक्ने, स्वाद र गन्ध थाहा नपाउने जस्ता समस्या देखिएका छन् ।

उनका अनुसार हालै काठमाडौं उपत्यकामा देखिएका १६ मध्ये नौ जनामा लक्षण देखिएको छ । "पहिले देखिएका संक्रमितमा लक्षण देखिएको थिएन" उनले भने, "तर अहिले देखिएका संक्रमितमा कोभिड-१९ का लक्षण देखिन थालेका छन् ।"

लक्षण देखिएका संक्रमित भेटिन थालेकाले थप सतर्कता अपनाउन मन्त्रालयले आग्रह गरेको छ । अझ ७ साउन देखि लकडाउन खुलेकाले संक्रमणको जोखिम अझ बढेर गएको छ ।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका निर्देशक डा सागरराज भण्डारीले भर्ना भएका बिरामी मध्ये एक तिहाइमा लक्षण भएका संक्रमित भएको बताए । अस्पतालमा अहिले २४ जना बिरामीमध्ये आठ जना कोभिड-१९ का लक्षण देखिएका संक्रमित छन् । उनका अनुसार ती बिरामीमा कसैलाई ज्वरो, रुघाखोकी, जीउ थाक्ने, श्वास फेर्न समस्या जस्ता लक्षण देखिएका छन् ।



*उद्योग बाणिज्य संघ र जिल्ला प्रहरी कार्यालयले संखुवासभाको सदरमुकाम खाँदबारीमा कोरोना सन्त्रास न्यूनीकरणका लागि शुरू गरेको 'आफ्नै लागि माक्स' अभियान । तस्विरः सुजन बज्राचार्य*

> संक्रमितमा रूखाखोकी लाग्ने, श्वासप्रश्वासमा समस्या हुने, थकाइ लाग्ने, जीउ थाक्ने, स्वाद र गन्ध थाहा नपाउने जस्ता समस्या देखिएका छन् ।

## १०९ थपिए

लक्षण सहितकै संक्रमितको मृत्यु भएको शनिबार महामारीका १०९ जना संक्रमित थपिएका छन् । मन्त्रालयले नियमित पत्रकार सम्मेलन गरी १०९ जनामा संक्रमण पुष्टि भएको जनाएको छ । शनिबार थपिएको सहित देशभर संक्रमित संख्या १८ हजार ४८३ पुगेको छ ।

शनिबार १०६ जना संक्रमित डिस्चार्ज भएका छन् । यो सहित डिस्चार्ज हुने संक्रमितको संख्या १३ हजार ५३ पुगेको छ । अर्थात् ७०.६ प्रतिशत संक्रमित निको भएर घर फर्किएका छन् ।

नेपालमा ५.५ प्रतिशत स्रक्रमण दर रहेको छ भने संक्रमितको मृत्यु दर ०.२ प्रतिशत र मृत्यु प्रतिदश लाखमा १.४ प्रतिशत छ । विश्वमा कोभिड-१९ का संक्रमितको संख्या एक करोड ५६ लाख ६६ हजार ८४० जना छन् । तीमध्ये ५४ लाख ७५ हजार १६३ जना (३४.९ प्रतिशत) सक्रिय संक्रमित छन् भने छ लाख ३६ हजार ७८७ जना कोभिड-१९ का कारणले मृत्यु भएका छन् ।

## संघको निर्वाचनमा पराजयको समीक्षा गर्न जोडदार माग

# 'दोषीलाई कारबाही होस्'

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० साउन

सत्तारुढ नेपाल कम्पुनिष्ट पार्टी (नेकपा) नेताहरुले नेपाल वैदेशिक रोजगार व्यवसायी संघको गत निर्वाचनमा भोग्नु परेको लज्जास्पद हारको बदला लिने गरी संगठित र क्रियाशिल हुन पार्टी सम्वद्ध प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल आवद्ध व्यवसायीहरुलाई निर्देशन दिएका छन् ।

तत्कालीन नेकपा एमाले निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल र नेकपा माओवादी (केन्द्र) निकट नेपाल वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चबीच शुक्रबार आयोजित एकीकरणको औपचारिक कार्यक्रममा नेकपाका नेताहरुले मञ्चलाई उक्त निर्देशन दिएका हुन् ।

संघको गत वर्ष असोजमा सम्पन्न निर्वाचनमा नेपाली कांग्रेस निकट नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायीहरुले पदाधिकारीसहित सम्पूर्ण सीट जितेका थिए । मञ्चद्वारा प्रस्तावित कुनै पनि उम्मेद्वारले संघमा जित हात पार्न सकेका थिएनन् । संघको साढे दुई दशक लामो ईतिहासमा कुनैपनि पक्षको एकलौटी जित भएको थिएन ।

त्यसअघिको संघको निर्वाचनमा मञ्चद्वारा प्रस्तावित उम्मेदवारहरुले पदाधिकारीसहित करीव दुई तिहाई पदमा विजय हासिल गरेका थिए । त्यतिखेर मञ्चको अध्यक्षमा चित्र गुप्तसाँवा लिम्बु थिए ।

कार्यक्रममा लिम्बुले संघको गत निर्वाचनमा मञ्चद्वारा प्रस्तावित सम्पूर्ण उम्मेद्वारको पराजय आफ्नो राजनीतिक जीवनको सबैभन्दा खराब क्षण रहेको भन्दै त्यसको निर्मम छानविन र दोषीलाई कारवाही हुनुपर्ने माग राखे । लिम्बुले संघमा भएको उक्त हार आफ्नो राजनीतिक जीवनकै नमिठो घटना भएको टिप्पणी गरे । उनले भने, 'हाम्रै पार्टीको सरकार, हाम्रै पार्टीको मन्त्री र संघको नेतृत्वसमेत हाम्रै पक्षको भएको बेला संघको निर्वाचनमा भएको हार शर्मनाक हार हो, त्यसको जिम्मेवारी लिन्छौं । मन्त्रालयले संगठनका कुरा सुनेन, अहिले चुनाव गर्ने अवस्था छैन चुनाव नगरौं भन्ने थियो तर संघको तत्कालिन नेतृत्वले पनि सुनेन, हामीले चुनाव हार्‍यौं । अब निर्मम समीक्षा गर्नुपर्छ । मेरो जिम्मामा आउने दोष स्वीकार्न म तयार छु । अरुलेपनि आफ्नो गल्ती स्वीकार्नु पर्छ ।'

पार्टी सरकारमा रहेको बेला वैदेशिक रोजगारमा रहेका समस्याहरु समाधान गर्न सक्ने अवस्था भएपनि सुधारमा पक्षमा केही गर्न नसक्नुको पछाडि कहीँ न कहीँ गल्ती र कमजोरी रहेको भन्दै उनले कठोर समीक्षा गरेर विधिसम्मत रुपमा अघि बढ्नु पर्ने बताए । पार्टीको सरकार रहेको तर गाँस काटेर लेभी बुझाउने कार्यकर्ता अपमानित भइरहेकोसमेत उनको भनाइ थियो ।

सय संख्यामा कामदार पठाउन नपाएका व्यवसायीहरुको ईजाजतपत्र नवीकरण हुने अवस्था निर्माण भएकोमा जस लिने होडवाजी गर्न जरूरी नभएको भन्दै उनले सबै काम संगठन र पार्टीले गरेको दाबी गरे ।

मञ्चका अध्यक्ष भुवन विक्रम घिमिरेले पनि केन्द्रमा पार्टीको दुई तिहाई मतको सरकार रहेको बेला संघको चुनाव हार्नु गम्भीर विषय भएको भन्दै गम्भीर समीक्षा र दोषीलाई कारवाहीको माग गरे । उनले पार्टीमा व्यवसायीहरुले गरेको योगदानको कदर नै नगरी मन्त्री र मन्त्रालयले बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### कोटा जोगाउन प्रमाणीकरण खोल्न आवश्यक

**काठमाडौं/मस–** विदेशस्थित नेपाली नियोगहरुले मागपत्र प्रमाणिकरण गर्ने काम तत्काल शुरु गर्न वैदेशिक रोजगार व्यवसायीहरुको माग रहेको छ । नेपाल सरकारको कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिले गत फागुन २९ गतेदेखि वैदेशिक रोजगारीमा जाने श्रम स्वीकृति स्थगन गर्ने निर्णय गरेपछि विदेशस्थित नेपाली नियोगहरुले पनि नेपाली कामदारका लागि आउने मागपत्र प्रमाणीकरण गर्न रोकेका छन् ।

लकडाउन खुकुलो बनाई स्वास्थ्य सुरक्षाकाबीच काम शुरु गरेका मलेसियालगायत केही मुलुकमा विदेशी कामदारको माग बढेको छ । मलेसियाले चालु वर्ष सन् २०२० को डिसेम्बरसम्म विदेशी कामदारका लागि नयाँ कोटा जारी नगर्ने बताएको छ । तर यसअघि नै स्वीकृत भएका कोटामा मलेसियाले कामदार लैजाने छ ।

नेपाली कामदारहरुको अर्को गन्तव्य मुलुक कतारले बाँकी पृष्ठ २ मा

# महाअभियोगकै माग

पत्नी हत्या आरोपमा जन्मकैदको सजाय भोगिरहेका पूर्व डीआईजी रञ्जन कोइरालालाई जेलमुक्त गरिएपछि प्रधानन्यायाधीश माथि नै महाअभियोग लगाउनुपर्ने आवाज चर्कोगरी उठेको छ ।

**मध्यान्ह संवादाता**
काठमाडौं, १० साउन ।

सर्वस्वसहित जन्मकैदको सजाय भोगिरहेका सशस्त्र प्रहरीका पूर्वप्रहरी नायब महानिरीक्षण (पूर्वडिआइजी) रञ्जन कोइरालाको कैद घटाउने गरी सर्वोच्च अदालतको फैसलामा महान्यायाधिवक्ताको कार्यालयले दर्ता गरेको पुनरावलोकनमा सुनुवाइका लागि आइतबारका लागि पेसी तोकिएको छ ।

सशस्त्र प्रहरीका पूर्वडिआइजी कोइरालाले पत्नी गीता ढकालको हत्या गरेर प्रमाण लुकाउन शव जलाएको देखिएपछि काठमाडौं जिल्ला अदालत र ललितपुर पुनरावेदन अदालतले सर्वस्वसहित जन्मकैदको फैसला गरेको थियो ।

जिल्ला र पुनरावेदन अदालतले सर्वस्वसहित जन्मकैदको फैसला सुनाएका कोइरालालाई सर्वोच्च अदालतले ११ वर्ष




सजाय घटाउने फैसला गरेपछि महान्यायाधीवक्ताको कार्यालयले पुनरावलोकन निवेदन दर्ता गरेको हो । पूरक निवेदनमा सुनुवाइ हुने भएपछि उक्त मुद्दा पुनः विचारधीन बनेको छ ।

प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरा र न्यायाधीश तेजबहादुर केसीको संयुक्त इजलासले गरेको फैसलाउपर परेको पुनरावलोकन निवेदन अब तीन जना न्यायाधीशबाट सुनुवाइ हुनेछ ।

पुनरावलोकनको अनुमति पाएमा यो मुद्दा सर्वोच्च अदालतको तीन वा सोभन्दा बढी न्यायाधीशको इजलासबाट सुनुवाइ हुनेछ । संवैधानिक व्यवस्थाअनुसार पुनरावलोकनको व्यवस्था भएकाले यसबाट अन्तिम टुंगो नलाग्दासम्म यो मुद्दा विचाराधीन बनेको छ ।

पूर्व डीआईजी कोइरालाको मुद्दा घटाउँदै जेलमुक्त गरिएपछि प्रधानन्यायाधीश चोलेन्द्र शमशेर राणाको चर्को विरोध भइरहेको छ । राजधानी उपत्यका सहितका सडकमा बाँकी पृष्ठ २ मा

# ‘नेकपा फुट्दा राष्ट्रियता नै संकटमा पर्छ’



**काठमाडौं/मस-** सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का संसदीय दलका प्रमुख सचेतक देवप्रसाद गुरूङले कुनै पनि हालतमा पार्टी नफुट्ने बताएका छन्।

शनिबार रिपोर्टर्स क्लब नेपालले आयोजना गरेको साक्षात्कारमा बोल्दै नेता गुरुङले नेकपा फुट्दा नेपालको राष्ट्रियता नै संकटमा पर्ने बताए।

अहिलेको अवस्थामा सबै राष्ट्रिय सहमतिका साथ अघि बढ्नुपर्ने पनि उनले बताए।

सरकारको कामकारबाहीमा कमिकमजोरी भए सुधार गरेर लैजानुपर्ने उनको तर्क छ।

नेकपा एमाले नामको पार्टी निर्वाचन आयोगमा दर्ता भएको सम्बन्धमा पार्टी अध्यक्ष पुष्पकमल दाहालले दिएको अभिव्यक्तिबारे सोध्दा उनले भने,‘दल दर्ता भएको कुरा यो फ्याक्ट हो। त्यहाँभित्र अन्तरकुन्तरमा को-को सक्रिय थिए ? को-को सक्रिय थिएनन् ? भन्ने कुरा छलफल, अध्ययन र अनुशन्धानको विषय हो भन्ने लाग्छ। पार्टी अध्यक्षले अध्ययन गर्नुभएको होला।’

उनले बहुमतप्राप्त पार्टी विभाजन भयो भने संसद हंक-पार्लियामेन्टमा रुपान्तरण हुने खतरा औंल्याए।

उनले पार्टीभित्रको विवादबारे छलफल र बहस भैरहेको सुनाए। पार्टीको निर्णय सबैले मानेर नै अघि बढ्नुपर्ने उनको तर्क छ। भारतीय मिडियाले नेपालबारे गरेका प्रचार अफवाहबाहेक अरु केही पनि नभएको उनको टिप्पणी छ।

मुलुकमा कोरोना महामारी, बाढि/पहिरो र डुबानलगायतका विपत्ति विद्यमान रहेकोले सबै एकजुट भएर लाग्नुपर्ने उनले आवश्यकत्ता औंल्याए। गुरुङले मुलुकका अगाडि केही राजनीतिक संकट पैदा भएको पनि उल्लेख गरे।

त्यस्तै, अन्तर्राष्ट्रिय रूपमा पनि अहिले व्यापार युद्ध हुँदै शीतयुद्धको अवस्था रहेको उनले चित्रण गरे

अन्तर्राष्ट्रिय शक्तिले नेपाललाई अस्थिर बनाउने र अराजकता पैदा गराउन खोजिरहेको उनको आरोप छ।

साक्षत्कारमा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा पूर्वमन्त्री मीन बहादुर विश्वकर्माले वर्तमान सरकार चौतर्फी रुपमा असफल भएको दाबी गर्दै सरकारको विकल्प खोजिनुपर्ने बताए।

उनले भने,‘सरकार कहाँ छ ? सरकार कहीँपनि देखिएको छैन्। नेपालको सिमानाभित्र नेपाल सरकार छैन्। सरकार हामीभन्दा बाहिर छ। अहिले यत्रो बाढि/पहिरो गएको छ, कोरोनाको महामारी छ, हत्या, हिंसा, बलात्कार, एसिड आक्रमणजस्ता घट्ना घटेका छन्, तर सरकार कहीँपनि छैन्।’

विश्वकर्माले वर्तमान प्रधानमन्त्री केपी शर्मा ओली बालुवाटारमा कविता लेखेर बस्ने गरेको तर प्रधानमन्त्रीलाई जनताको दुःख र पीर/मार्का थाहा नभएको टिप्पणी गरे। सत्तारूढ दलभित्रबाटै प्रधानमन्त्री केपी शर्मा ओलीको विकल्पको खोजि भैरहेकोले वर्तमान सरकारको विकल्प खोज्नुको विकल्प नै नभएको उनको भनाई छ।

वर्तमान सरकारको विरुद्धमा अविश्वासको प्रस्ताव ल्याउँदै गर्दा वैकल्पिक प्रधानमन्त्रीको नामपनि उल्लेख गरेर प्रस्ताव ल्याउनुपर्ने संवैधानिक प्रावधान सुनाउँदै विश्वकर्माले भने,‘स्पष्ट बहुमतको साथ रहिरहेको सरकारको विकल्पको खोजि गर्ने जिम्मा पहिलो त सत्तारुढ दलकै हो। उहाँहरु अर्को प्रधानमन्त्रीको खोजिमा आफैं लाग्नुभएको छ। आफैं त्यहाँ अर्को प्रधानमन्त्रीको खोजि गर्ने निश्कर्ष निस्किसकेपछि आम जनताको तर्फबाट वैकल्पिक सरकार खोज्ने कुरामा प्रमुख प्रतिपक्षी दल पछाडि पर्दैन्। हामी समयको पर्खाईमा मात्रै छौं। अहिले हतारो गर्ने कुरा प्रमुख प्रतिपक्षी दल वा प्रतिपक्षी दलको भन्दापनि सत्तारूढ दल स्वयमको हो।’

उनले शक्ति पृथकीकरणको सिद्धान्तबमोजिम संविधानमै आफूहरुले स्वतन्त्र न्यायापालिकाको कल्पना गरेको र उसले दिने निर्देशन, गर्ने फैसला र निर्णयलाई अक्षरंश पालना गर्ने कुरा संविधानमै प्रत्याभुति गरिएको बताए। तर, न्यायालयबाट गैर-न्यायिक, गैरकानूनी र गैरसंवैधानिक फैसला आउँछ भने जनताले फेरि कानून, संविधानको अक्षरमात्रै पढेर अन्याय सहेर नबस्नेपनि उनले चेतावनी दिए। नेता विश्वकर्माले पीडितले न्याय पाउनुपर्ने र पीडकले हदैसम्मको सजाय भोग्नुपर्ने बताए।

जनता समाजवादी पार्टी, नेपालका नेता तथा सांसद लक्ष्मणलाल कर्णले वर्तमान सरकार यही गतिमा अघि बढे अविश्वासको प्रस्ताव ल्याईने चेतावनी दिएका छन्। उनले कोरोनाले भन्दा बढि मानिस बाढि/पहिरो र डुबानजस्ता विपत्तिमा परेर मरेको तथ्यांक पेश गरे। उनले भने,‘हजारौं मानिसहरु घरवारविहीन भएका छन्। यसको जिम्मेवारी कसले लिने ? वर्षभरि नै सरकार सुतेर बस्ने हो ? जनताले सुखमा सरकारलाई सम्झिँदैनन्, दुःख पर्दा र आपतविपदमा नै सम्झिने हो नि, अहिले विपद्मा सम्झिँदापनि सरकारले केही गर्न सकेको छैन्। यो सरकार कहीँपनि सफल भएको छैन्।’

उनले सर्वोच्च अदालतले रञ्जन कोइरालाबारे गरेको फैसलाको सम्बन्धमा प्रधानन्यायाधीश र न्यायाधीशविरुद्ध महाअभियोग लगाउनुपर्छ भनेर केही नेताहरुले र सामाजिक सञ्जालमा भएका टिप्पणीको विरोध गरे।

# चार महिनाको अवधिमा प्राकृतिक विपदबाट १ सय ८१ को मृत्यु



**काठमाडौं/मस-** राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार चार महिनाको अवधिमा प्राकृतिक विपदका घटनाबाट १ सय ८१ जनाको मृत्यु भएको छ। प्राधिकरणका अनुसार गत वैशाख महिनादेखि यहि साउन ९ गतेसम्म प्राकृतिक विपदबाट १ सय ८१ जनाको मृत्यु भएको हो। यस्तै प्राकृतिक विपदका घटनामा परि अझै ५१ जना बेपत्ता भएका छन् भने २ सय ७८ घाइते भएका छन्। यसपालि सबैभन्दा बढी पहिरोले क्षति गरेको छ। पहिरोका कारण मात्रै १ सय २८ जनाले ज्यान गुमाएका प्राधिकरणका प्रमुख अनिल पोखरेलले बताए।

उनका अनुसार वैशाखयता पहिराबाट मात्रै १ सय २८ को मृत्यु भएको छ, ४४ बेपत्ता छन्। यस्तै ११४ जना घाइते छन्। बाढीबाट छ को मृत्यु, सात बेपत्ता र तीन घाइते छन्। चट्याङ लागेर ४७ जनाको मृत्यु भएको र १६१ जना घाइते भएका प्राधिकरणले जनाएको छ।

मनसुन शुरु भएको समय (जेठ ३१) पछि साउन ९ गतेसम्म भने पहिराले धेरै मानिसको ज्यान लिएको छ। त्यसपछि चट्याङले बढी मानवीय क्षति भएको छ। सो अवधिमा बाढी, पहिरा र चट्याङका कारण १४१ जनाको मृत्यु भएकामा पहिराले मात्रै १२६ जनाको ज्यान लियो। बेपत्ता भएका ५१ मध्ये ४४ जना पहिरामै परेका पोखरेलले जानकारी दिनुभयो। बेपत्ताको अहिले पनि खोजी जारी छ।

उक्त अवधिमा पहिरामा परेर ११३ जना घाइते भएका छन्। यस्तै बाढीका कारण तीन जनाको मृत्यु भएको छ भने छ जना बेपत्ता छन्। चट्याङ परेर १७ जनाले ज्यान गुमाए भने ४२ घाइते भएको प्राधिकरणले जनाएको छ। पछिल्लो १० वर्षमै मनसुन पछिको उक्त अवधिमा सबैभन्दा बढी पहिराको क्षति भएको पोखरेलले राससलाई बताए। उनका अनुसार यसपालि भेल पहिराले नसोचेको ठाउँमा ठूलो क्षति बनाएकाले त्यस्ता जोखिम ठाउँमा बस्दा वर्षाका बेला सचेत हुनुपर्ने देखिएको छ। मनसुन शुरु भएकै दिन पर्वतमा जेठ ३१ गते नौजना भेल पहिरामा परेर बिते। त्यसपछि पाल्पा, बझाङ, जाजरकोट, कास्की, सिन्धुपाल्चोक, गुल्मी, लमजुङ र म्याग्दीमा ठूला पहिरो खसेर धनजनको ठूलो क्षति भएको हो। यसपालि गत असार २५ देखि २९ सम्म र साउन ४ देखि ६ गतेसम्म मुलुकका विभिन्न स्थानमा भारी वर्षा भएको थियो।

सरकारले विपद्को परेका घाइतेको निःशुल्क उपचार गर्ने निर्णय गरिसकेको छ। यस्तै विपदमा मृत्यु भएका व्यक्तिका परिवारलाई रु.दुई लाख दिने र एकै परिवारका अन्य व्यक्तिको पनि मृत्यु भएमा प्रतिव्यक्ति थप रु.एक लाखका दरले दिने निर्णय गरिसकेको छ।

# विद्यालयमा बनाएका क्वारेन्टिन खाली गराउन शुरु

**चितवन/मस-** पूर्वी चितवनको खैरहनी नगरपालिकाले विद्यालयहरुमा बनाएका क्वारेन्टिन खाली गराउन शुरु गरेको छ।

लकडाउन अन्त्य भएको र पठनपाठन शुरु हुने अवस्थालाई मध्यनजर राख्दै नगर भित्रका विद्यालयहरुमा बनाएका क्वारेन्टिन हटाउन थालिएको खैरहनी नगरपालिका प्रमुख लालमणि चौधरीले बताए।

खैरहनीमा कंकाली मावि, जनजीवन मावि, खैरहनी मावि, कठार मावि, कपिया मावि, गवै मावि, पिद्रहनी चर्च, गोठेश्वर आधारभूत विद्यालय, टुंगारा आधारभूत विद्यालय, जनएकता आधारभूत विद्यालय र सलौली आधारभूत विद्यालयमा क्वारेन्टिन बनाएको छ। डिज्नी पार्क रिसोर्टमा भने शुल्क तिरेर बस्न चाहनेका लागि क्वारेन्टिन बनाएको छ।

क्वारेन्टिन बनाएको आधारभूत विद्यालय खरखुट्टे खाली गरिएको छ। अब बाँकी क्वारेन्टिन पनि खाली गरिँदै जाने प्रमुख चौधरीले बताए। विदेशबाट आउने र कोरोना संक्रमण देखिएका जिल्लाबाट आएकालाई अब राधास्वामी सत्सङ भवन, दुर्गा मन्दिरस्थित पर्सा खानेपानीको भवनमा बनाएको क्वारेन्टिनमा राखिनेछ। खानेपानी भवनको क्वारेन्टिानमा विदेशबाट आएकाहरु बस्न शुरु गरिसकेको छन्।

साउनभित्र विद्यालय सरसफाई गरेर तयारी अवस्थामा राखिने उनले बताए। ‘सरकारले भदौ १ गतेदेखि भर्ना शुरु गर्न निर्देशन दिइसक्यो,’ प्रमुख चौधरीले भने, ‘पठनपाठन सुचारु गराउने गरि हामी तयारी गर्दै छौं। राधा स्वामी सत्सङ भवनले निःशुल्क रुपमा क्वारेन्टिानलाई ठाउँ उपलब्ध गराएको छ।’

ठाउँसँगै खानाखाजासमेत सोही संस्था उपलब्ध गराउन तयार भएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पुरुषोतम शर्माले बताए।

## बैठक...

थापाले यसअगाडि पनि प्रचण्ड लगायत नेताहरुमाथि सार्वजनिक आरोप-प्रत्यारोप गर्दै आएका छन्। थापाले जवाफ फर्काएपछि उनी विरुद्ध तल्लो तहसम्म बिरोध हुँदै आएको छ।

गएको असार १० गतेदेखि शुरु भएको स्थायी कमिटी बैठक नेकपाको कलहकै कारण प्रभावित हुँदै आएको छ। असार १६ गते स्थायी कमिटीका अधिकांश नेताहरुले प्रधानमन्त्री र अध्यक्ष दुवै पदबाट राजीनामा दिन माग गरेपछि नेकपा विभाजन तर्फ उन्मुख देखिएको छ। नेकपा बैठक साउन १३ गतेसम्मका लागि स्थगित गरिएको छ।

## दोषीलाई ...

आफुखुशी निर्णय गरेको भन्दै त्यसले आफुहरुलाई निराशाको हदसम्म पुऱ्याएको भन्दै श्रम मन्त्री रामेश्वर राय यादवको कतिपय कार्यशैलीको आलोचनासहित आक्रोस व्यक्त गरे।

मञ्चका पूर्व अध्यक्ष बलबहादुर तामाङले मञ्चमा आवद्ध व्यवसायीहरुले संगठन पद्धतिमा विश्वास गर्नुपर्ने भन्दै पार्टीकै सरकार रहेको बेला व्यवसायीले दुःख पाउनु गम्भीर विषय भएको टिप्पणी गरे। पार्टी र पद्धति भएपनि मन्त्रालयको नेतृत्व गर्ने मन्त्रीले राम्रो काम गर्ने प्रगतिशील व्यवसायीहरुलाई साथमा लिएर हिँड्न नसकेको भन्दै पूर्व अध्यक्ष तामाङले स्वदेशमा नै रोजगारी नभएको स्पष्ट भएपछि तत्काल वैदेशिक रोजगारीको श्रम स्वीकृति खोल्न ढिला गर्न नहुने मन्त्री रामेश्वर यादवलाई सुझाव दिए। तामाङले अहिलेका श्रम मन्त्रीको ढोका सधैं खुला रहने गरेको भन्दै तारिफ गर्दै पहिलेका श्रम मन्त्रीको ढोका सधैं बन्द रहने गरेको बताए। उनको संकेत तत्कालीन श्रम मन्त्री गोकर्ण विष्टतर्फ थियो।

उनले भने, ‘यहाँ रोजगारी छैन, भोको पेटले जे पनि हुन्छ, त्यसले राजनीतिक उथल पुथल पनि ल्याउन सक्छ। रेमिट्यान्स भएन भने वैदेशिक व्यापार सन्तुलन मिलाउन सकिँदैन भनेर अर्थमन्त्रीले श्रम स्वीकृति खोल्नुपर्छ भनेर भन्नु भएको छ। त्यसैले तत्काल श्रम स्वीकृति खोलौं।’

त्यसैगरी पूर्व अध्यक्ष तामाङले हालको सेवा शुल्क परिमार्जन गरी कामदारले पाउने एक महिनाको न्यूनतम तलव बराबर रकम व्यवसायीहरुले सेवा शुलक लिन पाउनुपर्ने, वैदेशिक रोजगार ऐन संशोधन गरेर पूर्व स्वीकृति सम्वन्धी दफा १५ लगायतका झन्झटिला प्रावधान हटाउनुपर्ने र सरकारले कोरिया र इजरायल जस्ता देशमा कामदार पठाउने क्रम रोक्नुपर्ने माग गरे।

मञ्च नेपालका संस्थापक अध्यक्ष सरोजप्रसाद पोखरेलले पनि संघको गत निर्वाचनको निर्ममता पूर्वक समीक्षा हुनुपर्ने माग गरे। उनले भने, ‘संयोजनका लागि पार्टीबाटै प्रतिनिधि खटिएको अवस्था थियो, तर समन्वयात्मक काम किन भएन ? त्यसको निर्मम समीक्षा गरी हामीले संघमा रहेको शून्य उपस्थितिको बदला लिनुपर्छ।’

गणतान्त्रिक मञ्चका संस्थापक अध्यक्ष दिलप्रसाद पोखरेलले वैदेशिक रोजगारले देशको अर्थतन्त्रलाई महत्वपूर्ण योगदान दिएको विषयलाई प्रमुख दलका प्रमुख नेताहरुले स्वीकार गरेको भएपनि यस क्षेत्रको सुधार र सुरक्षाका लागि कसैले नबोलेको टिप्पणी गरे। ‘वैदेशिक रोजगार ऐनमा एकै परिवारका सदस्यहरुले वैदेशिक रोजगार व्यवसायसँग जोडिएका अन्य पेशा व्यसाय गर्न नपाउने भन्ने अत्यन्तै अनुचित व्यवस्था आयो,’ मञ्चमा सँगै बसेका नेकपाका सांसद् तथा संघका पूर्व अध्यक्ष लाल प्रसाद (एलपी) साँवा लिम्बुको नाम नै लिएर पोखरेलले भने, ‘अरुको त के आश गर्नु एलपी जीले नै संसद्मा आवाज उठाउनु भएन। संसारमा कहीँ पनि नभएको व्यवस्था हामी कहाँ ल्याइयो। सुधारका लागि मन्त्री एक्लैले पनि गर्न सक्दैन। अर्को वर्ष ठुला व्यवसायीहरुले पनि सय जना कामदार पुऱ्याउँदैनन्। त्यसैले परिवर्तन गर्न अहिलेदेखि नै काममा लाग्नुपर्ने अवस्था छ।’

जवाफमा सांसद् लिम्बुले समय नपाएर संसद्मा नबोलेको उत्तर दिए। उनले संसद्मा बोल्न पाएको तीन मिनेट समयमा ७ वटा मन्त्रालयमा विनियोजित बजेटको टिप्पणी गर्नुपर्ने अवस्थामा चाहेर पनि वैदेशिक रोजगार क्षेत्रका विषयमा आवाज उठाउन नसकिएको बताए।

सांसद् लिम्बुले वैदेशिक रोजगार क्षेत्रमा सुधार गर्न खोजेको तर व्यवहार नमिलेको टिप्पणी गरे। उनले भने, ‘नीति बनाउन खोज्दा व्यवहार मिलेन। सरकारले पनि कुरा बुझेको छैन, व्यवसायीहरुबाट पनि त्यस अनुसार व्यवहार गर्न कमजोरी भएको छ। जो सँग जे छ विश्वपरिस्थितिमा त्यही बेच्ने हो। हामीसँग जनशक्ति छ त्यसलाई रोजगारमा पठाएर अघि बढ्न लाज मानेर हुँदैन।’

सांसद लिम्बुले नेपालमा वैदेशिक रोजगार क्षेत्रले सिर्जना गरेको सकारात्मक उपलब्धीहरुको चर्चा नै नभएका कारण समस्या रहेकोसमेत टिप्पणी गरे। व्यवासायीहरुले राखेको धरौटीलाई धितो मानेर पुनर्कर्जा प्रदान गर्नुपर्ने आफ्नो पनि माग रहेको उनको भनाइ थियो।

नेकपाको वैदेशिक रोजगार फाँटका इञ्चार्ज श्रीप्रसाद साहले वैदेशिक रोजगार राज्यका लागि चाहिने विषय हो, होइन स्पष्ट नभएसम्म यस क्षेत्रमा अपेक्षित सुधार हुन नसक्ने धारणा राखे। उनले भने, ‘पहिले वैदेशिक रोजगार क्षेत्रको आवश्यकता र व्यवसायीको योगदानको स्पष्ट मुल्यांकन हुनुपर्छ। एकचोटी वैदेशिक रोजगारीमा गएको युवाले धेरै कुरा नसिके पनि सरसफाई सिकेको छ, घरमा शौचालय निर्माण गरेको छ, ग्यास चुलो जोडेको छ। बालबच्चालाई शिक्षा दिएको छ, रोगीको उपचार गरेको छ। अन्य धेरै काम गरेको छ। यसको समीक्षा हुनु जरुरी छ।’

साहले पनि वैदेशिक रोजगार ऐनमा व्यवसायीहरुको ईजाजतपत्र नवीकरणमा संख्याको प्रावधान राख्न नहुने पक्षमा आफु रहेको बताए। उनले भने, ‘आगामी ६ महिना वैदेशिक रोजगार सहजरुपमा खुल्दैन, विदेशको रोजगार नखुलेपछि कसले तोकेको संख्यामा कामदार पठाउन सक्छ ? त्यसैले यो प्रावधान सदाका लागि खारेज गर्नुपर्छ।’

# नवलपरासीमा अवैध मालसमान प्रहरीको नियन्त्रणमा



**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, १० साउन

नवलपरासीको सीमावर्ती क्षेत्रको बिभिन्न ठाउँहरुबाट १ लाख २१ हजार मूल्य बराबरको अवैध मालसमान प्रहरीले नियन्त्रणमा लिएको छ। शनिबार रामग्राम नगरपालिका वडा नं. ४ बाईपासमा भारतबाट नेपालतर्फ अबैधरुपमा ल्याउदै गरेको २५ किलो चिनी, ढोकाको कब्जा १८० पिस र सकेट पाईप ११६ पिस लगायतका मालसमान प्रहरीले नियन्त्रणमा लिएको हो।

त्यसैगरी पाल्हिनन्दन गाउँपालिका वडा नं. २ गोपालपुरमा नेपालबाट भारततर्फ लैजादै गरेको ६२ हजार ५ सय मुल्य बराबरको २४ बोरा मटर (केराउ) सीमा प्रहरी चौकी महेशपुरले नियन्त्रणमा लिएको हो। त्यस्तै पाल्हिनन्दन गाउँपालिका वडा नं.४ गेरमामा ४० हजार मुल्य बराबरको १३ बोरा मटर (केराउ) प्रहरी चौकी गेर्मीले नियन्त्रणमा लिएको छ।

उत्त मटर (केराउ) मानिसहरुले टाउकोमा बोकी लैजादै गर्दा प्रहरी टोलीलाई देखेपछि उनीहरु बोरा फाली भगेका थिए। नियन्त्रणमा लिइएको सबै सामान आवश्यक कारवाहीको लागि महेशपुर भन्सार कार्यालय पठाइएको जिल्ला प्रहरी कार्यालय नवलपरासीका सुचना अधिकारी राजु लामाले जानकारी दिए।

इञ्चार्ज साहले नवगठित मञ्चको नेतृत्वले वैदेशिक रोजगार बोर्डको सहयोगमा ७ वटै प्रदेशमा वैदेशिक रोजगारका समस्या र समाधानबारे छलफल चलाउन सुझाव दिए। विगतमा संघको निर्वाचनको कमजोरी केलाउनुपर्नेमा जोड दिँदै साहले संघको निर्वाचनमा भएका कमीकमजोरीहरु केलाएर संघको आगामी निर्वाचनमा जित हासिल गर्ने गरी अघि बढ्नु पर्छ भन्ने पक्षमा आफु रहेको बताए।

कार्यक्रमको प्रमुख अतिथि रहेका श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादवले आफुलाई नेकपाको कान्छो सदस्य भन्दै वैदेशिक रोजगारका क्षेत्रमा जानाजान गल्ति नगर्ने प्रतिवद्धता व्यक्त गरे। वैदेशिक रोजगार बोर्डमा गरेका मनोनयन फिर्ता गरेको प्रसंग उल्लेख गर्दै मन्त्री यादवले भने, ‘प्रगतिशील भनेको गल्ती स्वीकार गर्ने र गल्ती नदोहऱ्याउने हो, मैले त्यो काम गरिसकेको छु, त्यसैले मेरो इमान्दारीतामा शंका गर्ने ठाउँ छैन।’

मन्त्री यादवले वैदेशिक रोजगार ऐनमा धरौटी वृद्धि तथा ईजाजतपत्र नवीकरणका लागि वार्षिक एक सय जना कामदार पठाएको हुनुपर्ने कानुनी व्यवस्था हुँदा संघको त्यसबेलाको नेतृत्व र मञ्चले विरोध नगरेको भन्दै मञ्चको आलोचना गरे। उनले भने, ‘त्यतिखेर मञ्चका साथीहरु के गरेर बस्नु भएको थियो, किन छलफल गराउन सक्नु भएन, म मन्त्री भएपछि नै सबै चिज मैले सुधार गरिदिनुपर्ने ?’

वैदेशिक रोजगार क्षेत्रमा मुलुकको अर्थतन्त्रमा २५ प्रतिशतभन्दा बढी योगदान दिनु गौरवको विषय भएपनि व्यवसायीहरुले उक्त गौरवको मानमर्दन हुने गरी ठगी लगायतका कुनै काम गर्न नहुने मन्त्री यादवको सुझाव थियो। उनले भने, ‘अहिले स्वदेशमा रोजगारीको पर्याप्त अवसर सिर्जना हुन सकेको छैन। वैदेशिक रोजगारीमा जाने युवायुवतीहरु सीपयुक्त बनाएर पठाउनुपर्छ। अदक्ष कामदार पठाउँदा त्यसले मृत्युको संख्या बढाएको छ। सरकारले सातवटै प्रदेशमा सीप प्रशिक्षण केन्द्र खोल्ने तयारी गरेको छ। त्यसमा तपाईहरुसँग सहकार्य गरिने छ। वैदेशिक रोजगारका अन्य सुधारका पक्षमा पनि मञ्चसँग निरन्तर सहकार्य हुने छ।’

एकीकृत संगठनको नेतृत्व तत्कालीन माओवादी (केन्द्र) निकट वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका पूर्व अध्यक्ष राम प्रसाद भान्तनाले गरेका छन्। कार्यक्रममा उनले मञ्चलाई संगठनको मुल्य मान्यता पद्धति अनुसार सञ्चालन गर्ने प्रतिवद्धता जनाए। मञ्च नेपालका तत्कालीन उपाध्यक्ष राजेन्द्र भण्डारी दोश्रो वरियतामा सहसंयोजकको हैसियतमा रहेका छन्। एकीकरणपछि मञ्चको कार्यसमिति ५५ सदस्यीय रहेको घोषणा गरिएको छ। मञ्चको एकीकृत कार्यसमितिले शुक्रबार नै सपथ ग्रहण समेत गरेको छ।

एकीकृत कार्यसमितिमा मञ्च नेपालका ३४ र मञ्चका २१ व्यवसायीहरु रहेका छन्। मञ्चको सचिवालय गठन र अन्य जिम्मेवारी बाँडफाँड भने केही दिनपछि हुने अध्यक्ष भान्तनाले जानकारी दिए। कार्यक्रममा संघका निवर्तमान अध्यक्ष रोहन गुरुङ, पूर्व अध्यक्ष प्रेम बहादुर कटुवाल, वरिष्ठ व्यवसायी हेम गुरुङ, रघु पुरी, वाइ बी राई, पदमराज पौडेल, प्रगतिशील स्वास्थ्य व्यवसायी मञ्चका अध्यक्ष चेत नारायण पौडेल लगायतको मञ्चका सल्लाहकार एवं सदस्य व्यवसायीहरुको उपस्थिति रहेको थियो। सहसंयोजक भण्डारीले कार्यक्रम सञ्चालन गरेका थिए।

## कोटा...

अगस्ट १ तारिकदेखि कोरोना भाइरस संक्रमण कम भएका मुलुकका विदेशी कामदार लिने बताएको छ। तर भारतमा कोरोना भाइरस संक्रमण दर उच्च रहेपछि छिमेकी नेपाललाई पनि सोही श्रेणीमा राखेको बताइएको छ। विदेशस्थित नेपाली दूतावास र नियोगहरुले दूतावासमा आउने मागपत्र प्रमुाणीकरण शुरु नगरे रोजगारदाताहरुले अन्य देशतर्फ डाइभर्ट गराउनसक्ने देखिएको व्यवसायीहरुको भनाइ छ।

यदि नेपाली दूतावासहरुले मागपत्र प्रमाणीकरण शुरु नगरे नेपाल पनि भारतजस्तै संक्रमण बढिरहेको मुलुक हो भन्ने विदेशी रोजगारदातालाई पर्ने निश्चित छ। नेपालले अन्तर्राष्ट्रिय हवाइ उडान शुरु गरेपछि कामदार पठाउने अन्तिम स्वीकृति खोल्नेतर्फ लागेपनि नेपाललाई आउने कामदारको मागको कोटा जोगाउन दूतावासले गर्ने मागको प्रमाणिकरण तत्काल खोल्नु पर्ने जानकारहरु बताउँछन्।

## महाअभियोगकै...

प्रधानन्यायाधीलाई महाअभियोग लगाउनुपर्ने माग सहित प्रदर्शन समेत भएको छ। शुक्रबार सर्वोच्च अदालत नजिकै माइतीघर मण्डलामा प्रधानन्यायाधीशको विरोधमा प्रदर्शन भएको छ।

प्लेकार्ड सहित सडक प्रदर्शनमा उत्रिएकाहरुले महाअभियोग लगाएर उनलाई हटाउन माग गरिएको छ। सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी र विपक्षी दल नेपाली काँग्रेसकै थुप्रै नेताहरुले यो फैसलाको विरोध जनाएका छन्। कतिपय सांसदहरु र पूर्व प्रधानमन्त्रीहरुले समेत सर्वोच्चको यो फैसला न्यायिक नभएको बताएका छन्। तर, यसबारे सत्तारुढ नेकपाले भने बोलेको छैन। महाअभियोग लगाउने संसदीय शक्ति नेकपासँग छ। त्यसैले सत्तारुढको निर्णय यो प्रकरणमा निर्णायक हुने देखिन्छ।

**समुह बाहिर काठ बिक्री सम्बन्धी सूचना**

यस सामुदायिक बन बाट उत्पादन भैइ विभिन्न समुहमा ग्रेडिङ गरि घाटगदीमा सकलन गरिएको साज जातको गोलिया थान ३९को ४११.१९ क्यु फिट खयर ७२५ गिन्डाको ७०५.८१ क्युफिट काठ बाहिर बिक्री बितरण गर्नु पर्ने भएकोले काठ गोलिया जे जो अबस्थामा छ सोही अबस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्ने गरि लिलाम बिक्री समुह बाहिर गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक ब्याक्ति सघ सस्था फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ पुर्ण ब्याहोराको लागि यस समुहको सूचना पार्टीमा टास गरिएको छ।

**श्री देउराली सामुदायिक बन उपभोक्ता समुह**
**उदयपुरगढी-७**

# हजारबाट शुरु भएको बाखा फार्म करोडको हाराहारीमा

सुमन महतारा/मध्यान्ह
गुल्मी, १० साउन

गुल्मीका एक कृषक बाखापालनबाट मनग्य आम्दानी गर्न सफल भएका छन्। जिल्लाको मालिका गाउँपालिका वडा नम्बर ५ छापहिलेका नर बहादुर महताराले आफुले संचालन गरेको लालीगुराँस बाखा फार्ममबाट मनग्य रुपमा आम्दानी गर्न सफल भएका हुन्। महताराको बाखा फार्ममा अहिले ७० भन्दा माथिको सख्यामा बाखाहरु छन्।

आज भन्दा ३० बर्ष अगाडी भारतमा गर्दै आएको सरकारी जागिर छोडेर नेपाल मै केही गर्छु भनेर फर्किकएका महताराले गाउँमा बाखा फार्म संचालन गरे। उनी ३० बर्ष अगाडी भारतमा सरकारी जागिर गर्दथे। केही समय भारतमा सरकारी जागिर गरिरहँदा परदेशको पीडा र दुस्खका कारण उनको मनमा नेपाल मै केही गर्छु भन्ने भावाना पलाएको उनी बताउँछन्। 'मनिस स्वतन्त्र हुन पाउनु पर्छ।' उनले भने, 'अरुको अधिनमा बस्न र उपनिवेश बन्न मेरो मनले मानेन।'



सुरुमा तीनवटा बाखा पाल्न सुरु गरेका महताराको बाखा फार्ममा अहिले माउ बाखा ४५, बोका १५ र पाठापाठी १३ को सख्यामा रहेका छन्। उनी बाखा पालनसँगै समाजसेवामा पनि उत्तिकै अग्रसर रहेका छन्। उनले फार्मबाट मासिक रुपमा औसत ३० हजार कमाउने गरेको बताए।

**समाजसेवामा पनि उत्तिकै अग्रसर**

महतारा बि.सं २०४६ सालमा पञ्चायती व्यवस्थाको अन्त्य भई बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना भएपछि स्थानीय छापहिले वडा नम्बर ८ को वडाध्यक्ष भए। उनको कार्यकाल ५ बर्षको रह्यो। महताराले पाँच बर्षको समयअविधमा गाउँमा निकै उल्लेख्यनीय काम गरेको स्थानीयहरु बताउँछन्। गाउँमा पाटी, पौवा, धारा, चौतारी बनाउने देखि लिएर थुप्रै विकास निर्माणका काममा सकृय रहेको महताराको भनाई छ। नेपालमा पहिलोपटक जग्गाको नापजाँच हुँदा उनले वडाध्यक्षको तर्फबाट महत्वपूर्ण भूमिका निर्वाह गरेको बताए।

उनी अरुको अधिनमा रहेर बस्न चाहादैनन्। अझ बिदेश भनेपछि वाक्क नै मान्छन्। बिदेशमा गए घुम्न मात्रै जाने काम गर्न नजाने महताराको भनाई छ। 'सकेसम्म विदेश जान हुन्न।' उनी भन्छन्न्, 'मेरो घरपरिबारका अहिलेसम्म कोही बिदेश गएका छैनन्।' उनका पाँच छोरा र दुई छोरी गरी सात सन्तान छन्। सबै जागीर तथा पढाईको लागि घरबाहिर छन्। श्रीमती पनि बाखा फार्ममा उनलाई सघाउँछिन्। सात सन्तान हुर्काउन, बढाउन र पढाउन बाखा फार्मको आम्दानीले नै पुगेको उनले बताए। महतारा अहिले ६८ बर्षका पुगे। ६८ बर्ष पुग्दा समेत तपाई बाखा फार्ममा रमाइरहनु भएको छ, यो तपाईको बाध्यता कि रहर हो ? .भन्ने प्रश्नमा उनी भन्छन्, 'जीवन एक सङ्घर्ष हो। हामी मृत्युअघिसम्म सङ्घर्षरत हुनुपर्छ। बाध्यता र रहरमा होइन, जीवन निरन्तर संघर्षमा हुनुपर्छ।'

आफु २०/२५ बर्षसम्म बाखासँगै दौडिरहेको र आफुले चाहेको भए भारतमै जागिर गरेर अहिले पेन्सन हुने स्मरण गर्दै महताराल भन्छन्, 'तर म अरुको उपनिवेश बनिन्। नेपाल मै संघर्ष गरिरहेँ। आज पनि सङ्घर्ष गरिरहेको छु। जसका कारण म स्वतन्त्र छु।' बिदेश जानु भन्दा त नेपाल मै केही गरेर जीवन सुन्दर बनाउनुपर्ने उनले बताए।

महताराले बाखा फार्मबाट बार्षिक रुपमा बोका बाखा गरी ३५ वटा भन्दा बढी बिक्री गर्ने गरेका छन्। उनले अहिलेसम्म छापहिलेसँगै मालिका, मदाने र इस्मामा बाखा बिक्री हुने गरेको बताए। स्थानीय तहबाट अहिलेसम्म कुनै राहात तथा अनुदान नमिलेको कृषक महताराले गुनासो गरे।कृषि क्षेत्रमा हुने सरकारी अनुदान या लगानी बास्तबिक कृषकको नाममा भैरहेको पो हो कि भन्ने कुरा महताराजस्ता हजारौंको गुनासोले संकेत गर्दछ।

# झाडापखलाविरुद्ध खोटाङको सोल्मामा रोटाखोप दिन शुरु

सन्तोश पौडेल/मध्यान्ह
खोटाङ, १० साउन

खोटाङको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका वडा २ सोल्मामा पहिलोपटक झाडापखालाविरुद्धको रोटा खोप दिन सुरु गरिएको छ। बच्चा जन्मेको ६ सातामा पहिलो मात्रा र १० सातामा दोस्रो मात्रा दिइने रोटा खोप सोल्मामा शनिवारबाट दिन शुरु गरिएको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाका स्वास्थ्य संयोजक तिर्थराज आचार्यले मध्यान्हलाई जानकारी दिए।



बालबालिकाहरुमा झाडापखालाविरुद्ध लड्न सक्ने क्षमताको वृद्धि गर्न रोटा खोप अभियान सञ्चालन गरिएको स्वास्थ्य संयोजक आचार्यले जानकारी दिए। पाँच वर्षमुनिका बालबालिकामा देखिने झाडापखालाको प्रमुख कारणमध्ये रोटा भाइरस एक हो।

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको १५ वटै वडाबाट सञ्चालन गरिने रोटा खोप नगरपालिकाका करीब १५ सय बालबालिका यो खोपबाट लाभान्वित हुने दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाका नगरप्रमुख दिपनारायण रिजालले बताए।

खोटाङ जिल्लाका बालबालिकाहरुलाई लगाइने खोपको संख्या ११ पुगेसँगै रोटा खोप पोलियो थोपा जस्तै हुने र यसलाई मुखबाट खुवाइने भएको हुनाले रोटा भाइरसले झाडापखाला र निमोनियाबाट बच्न महत्वपूर्ण भुमिका खेल्ने नगरप्रमुख रिजालले बताए। नगरप्रमुख रिजालले सोल्माकी सबिना राईको बच्चा पुर्वराज राईलाई आफ्नो काखमा राखि रोटा खोप खुवाएका थिए।

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका वडा २ सोल्माका वडा अध्यक्ष हर्कबहादुर खत्रीका अनुसार कतिपय बालबालिकाको झाडापखालाबाट मृत्यु हुने बताउदै आउने दिनहरुमा दुई वर्षमुनिका बालबालिकाहरुलाई यो खोपले मातृशिशु मृत्युदर नियन्त्रण गर्न सहयोग गर्ने मध्यान्हलाई जानकारी दिए। दिक्तेल रुपाकोट मझुवागढि नगरपालिकाको पहलमा सोल्माबाट पहिलो पटक रोटा खोप सुरु गरिएको हो।

# संस्कार समाजद्वारा चार दर्जन सार्वजनिक यातायातहरुलाई डस्टबिन र पेनड्राईभ वितरण




मनोज थापा/मध्यान्ह
काठमाडौं, १० साउन

संस्कार समाज नेपालले आफ्नो नियमित श्रृङ्खलाको १५६ औ भागमा चार दर्जन सार्वजनिक यातायातहरुलाई डस्बिन र पेनड्राईभ वितरण गरेको छ। समाजले शनिवार आर.एन.ए.सी., न्यूरोड अगाडी काठमाडौं उपत्यकामा संचालित चार दर्जन सार्वजनिक यातायातहरुलाई डस्बिन तथा पेनड्राइभ वितरण गरेको हो।

विगत एक वर्षदेखि सार्वजनिक यातायातहरुलाई सचेतना अडियो सामग्री तथा फोहोरमैला व्यवस्थापनका लागि डस्बिन वितरण गर्दै आएको संस्थाले कोभिड -१९ को संक्रमणलाई मध्यनजर गर्दै सोही अनुसारका सूचना, सन्देश सामग्रीहरु समावेश गरि महानगरीय ट्राफिक प्रहरी महाशाखाको सहकार्यमा सचेतना अडियो सामग्री (पेनड्राइभ) वितरण कार्यक्रम गर्दै आईरहेको र त्यसकै निरन्तरता स्वरुप १५६ औं श्रृङ्खला सम्पन्न गरेको संस्कार समाजका अध्यक्ष पशुपति गुरुङले जानकारी दिए।

काठमाडौं महानगरपालिका वातावरण विभागका महानिर्देशक हरिकुमार श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा बोल्दै अध्यक्ष गुरुङले संस्कार समाज नेपाल फोहोरमैला सफा गर्ने संस्था नभई हाम्रो आचरणमा भएको फोहोर सफा गर्ने अभियान संचालन गर्ने संस्था भएको र आम जनमानसमा असल संस्कारको विकास गर्नका लागि अडियो वितरण कार्यक्रम प्रभावकारी हुने निष्कर्शमा संस्था पुगेको बताए।

उनले भने, 'हाम्रो समाजका मानिसहरुलाई सम्झायो, बुझायो भने भन्नुहुन्छ कि म एक जनाले फोहोर नगर्दैमा के हुन्छ र ? तर, एक जनाले आफ्नो बानी सुधार्ने हो भने नराम्रो गर्ने एक जनाको संख्या स्वतः घट्ने छ। यसरी हामी विस्तारै नराम्रो गर्नेहरुको संख्या कम र राम्रो सोच गर्नेहरुको संख्या बढी हुने छ।' अध्यक्ष गुरुङले राम्रोको संख्या बढाउदै लैजाने र नराम्रोलाई असहज बनाईदिने संस्कार समाज नेपालको अभियान रहेको स्पष्ट पारे। कार्यक्रममा प्रमुख अतिथि श्रेष्ठले संस्कार समाज नेपालले गरेको अभियान प्रभावकारी भएको र अभियानका बारेमा आफूले पहिले नै बुझिसकेको भन्दै औपचारिक कार्यक्रममै जोडिन पाएकोमा खुशीसमेत व्यक्त गरे। प्रमुख अतिथि श्रेष्ठले भने, 'असल संस्कारका लागि हामीले सबैभन्दा पहिले आफ्नो घरबाटै सुरुवात गर्नु पर्छ, यसका लागि संस्कार समाज नेपालको अभियान सान्दर्भिक छ।' श्रेष्ठले संस्कार समाज नेपालको अभियानका लागि संस्थागत सहकार्य गर्दै अगाडि बढ्ने प्रतिवद्धतासमेत गरे।

पेनड्राइभ, डस्बिनका साथै सर्वसाधारणहरुलाई मास्कसमेत वितरण गरिएको कार्यक्रममा महानगरीय प्रहरी बृत, जनसेवाबाट प्र.स.नि. वि.आर.आरनको नेतृत्वमा सुरक्षाकर्मीहरु तथा महानगरी ट्राफिक प्रहरी कार्यालय, जनसेवाबाट हेमराज नाथको नेतृत्वमा ट्राफिक प्रहरीहरुको उपस्थिति रहेको थियो। ट्राफिक प्रहरी, नेपाल प्रहरीको सहकार्यमा सार्वजनिक यातायातहरुमा घान्द्रुक समाज हङकङकोसमेत सहकार्य रहेको डस्बिन तथा स्टीकर वितरण गरिएको थियो।

कोभिड-१९ का कारण केही समय स्थगित भएको जनचेतनामूलक महाअभियान अब नियमित रुपमा संचालन हुने कार्यक्रमको सहजिकरण गरेका समाजका सचिव प्रकाश समीरले जानकारी दिए।

# रातो मच्छिन्द्रनाथको रथारोहण गराइयो

**ललितपुर/रासस**–'वर्षा र सहकालका' देवता रातो मच्छिन्द्रनाथको रथारोहण शनिबार गरिएको छ। मच्छिन्द्रनाथ गुठीसँग सम्बन्धित ज्योतिषी दैवज्ञ कीर्तिमदन जोशीले नागपञ्चमीका दिन दिउँसो १२ बजेर १५ मिनेटदेखि १२ बजेर २५ मिनेटसम्म शुभ साइत रहेको ठहर गरेसँगै १२ बजेर ५२ मिनेटमा उनलाई शनिबार पुल्चोकमा निर्माण सम्पन्न भएको रथमा विराजमान गराइएको हो।



लोकेश्वरलाई १२ बजेर २६ मिनेटमा तःबाहलको पार्टीबाट विधिका साथ झिकिएको थियो। उनलाई बोकेर हिँडाउन लाग्दा गुरुज्यूका पल्टनले सलामी अर्पण गरेका थिए। ३२ पानेजु अर्थात् पुजारी संघ सचिव विनोद बज्राचार्यसहित 'नेमराज शाक्य' नामक दुई पुजारी र मोहन शाक्यले यस वर्ष भगवानलाई बोक्ने पालो परेको थियो।

रथारोहण हुने चार दिनअघि मच्छिन्द्रनाथ बोक्ने पुजारीले शुद्ध भएर बस्नुपर्ने चलन रहेको सचिव बज्राचार्यले जानकारी दिए। वृष्टिदेवलाई रथारोहण गराउनुपूर्व तःबहालको दवलीमा भजन मण्डली टोलीले मृदङ्ग भजन कीर्तन पाठ गर्ने परम्परा रहेको भाष्करप्रसाद अमात्यले बताए। उनले भने, 'उहाँलाई पुल्चोकबाट गाःबहाल हिँडाउनुपूर्व र त्यहाँबाट अन्य स्थानमा हिँडाउनुपूर्व पनि मृदङ्ग भजन पाठ गर्नुपर्ने हुन्छ।' मच्छिन्द्रनाथलाई हरिहरका अर्थात् महादेवका रुपमा पनि पुजिने भएकाले मृदङ्ग पाठ गरिने चलन रहेको अमात्यले जानकारी दिए।

करुणावतारलाई रथारोहण गराउन लादा एक पानेजुले हातमा ॐ लेखेको थाली, एकले बालेको बत्ती, एकले भगवानलाई झल्लरी छाता, केहीले काँ बाजा बजाएर लगेका थिए।

रथारोहणका लागि यो उत्तम र अन्तिम साइत रहेको, यो साइतमा रथारोहण नगरिएन तत्कालै शुभ साइत नभएको, मच्छिन्द्रनाथलाई नौ महिनामा बुङ्मती फर्काउनु नहुने, असोज २ गतेदेखि मलमास शुरु हुने भएकाले त्यसबेला रथारोहण र रथजात्रा दुवै गर्न नहुने ज्योतिषी जोशीले बताए। उनले भने, 'ललितपुरमा रहेका धार्मिक संघसंस्था, ज्यापू समाज, स्थानीय जनता गुठी संस्थान शाखा कार्यालय ललितपुर र ललितपुर महानगरपालिकाको पहलमा रथारोहण सम्पन्न गरियो।'

लोकनाथको रथारोहण सम्पन्न भएसँगै कोरोना महामारीका कारण के होला भन्ने चिन्ता हटेको ७० वर्षीय ज्वाल सूर्यमान डंगोलले बताए। यसअघि हरेक वर्ष वैशाख शुक्ल प्रतिपदाका दिन रक्तावलोकितेश्वरलाई रथमा विराजमान गराउने चलन थियो। यो काठमाडौं उपत्यकाको सबैभन्दा लामो रथजात्रा हो। यसपटकको रथारोहणमा कोभिड-१९ संक्रमणको बेवास्ता गरी हजारौं मानिस रथारोहणमा उपस्थित भएका थिए। काठमाडौं उपत्यकामा मुहार रातो भएका रक्तावलोकितेश्वर करुणामयको स्थान निकै उच्च छ।

किंवदन्तीअनुसार एकपटक भिक्षा माग्न आएका गोरखनाथलाई कान्तिपुरवासीले नदिएपछि त्यसैको झोंकमा उनले पशुपति मृगस्थलीमा नवनागलाई आसन बनाए।

यसरी १२ वर्षसम्म वर्षा नभई अनिकाल भएपछि यसको समाधान खोज्दै जाँदा गोरखनाथका गुरु मच्छिन्द्रनाथलाई कान्तिपुर ल्याएमा गोरखनाथ आसनबाट उठी वर्षा र सहकाल हुने थाहा पाएर भक्तपुरका राजा नरेन्द्रदेव, काठमाडौंका राजा बन्धुदत्त बज्राचार्य र ललितपुरका कृषक ललित रथचक्र मिलेर मच्छिन्द्रनाथलाई भारतको कामारुकामाक्षबाट नेपाल ल्याएका थिए।

**भोटोजात्राको कथा**

किंवदन्तीअनुसार काठमाडौं उपत्यकामा रहेको टौदहमा एक जोडी नाग दम्पती बस्थ्यो। त्यो नागका राजा कर्कोटक नागको जोडी थियो। एकपटक नागिनीको आँखा बिरामी भयो। राजाले नागिनीको आँखा उपचार गराउने वैद्य खोज्ने क्रममा भक्तपुरमा एक जना जान्ने ज्यापू वैद्य रहेको थाहा पाए। कर्कोटक नाग ज्यापू वैद्यलाई खोज्न गए। नागले ज्यापूलाई नागिनीको आँखा दुखेको बिन्ती बिसाए। ती ज्यापू वैद्यले नागको अनुरोध स्वीकारे। दुवै टौदह पुगे। वैद्यले नागिनीका आँखामा मलम बनाएर लगाइदिए। उनको आँखा निको भयो। नागनागिनी ज्यादै खुशी भएर ज्यापू वैद्यलाई अनेक पुरस्कार दिए। सो पुरस्कारमा अनेक किसिमका मणि जडेको झलझल झल्कने भोटो पनि थियो। त्यो भोटो लगाएर ज्यापू वैद्य ढल्कँदै हिँड्थे। ज्यापूको त्यति राम्रो भोटो देखेर भूतलाई लोभ लाग्यो। ज्यापूले भोटो फुकालेर आलीमा राखी खेत खन्न थालेपछि भूतले भोटो सुटुक्क चोरेर लग्यो। हस्याङ्फस्याङ गर्दै वैद्य भूतको पछि लागे। उनले भूतलाई समात्न सकेनन्।

पाटनमा त्यसअघि मच्छिन्द्रनाथको रथ तान्ने मात्र चलन थियो। यस समय मच्छिन्द्रनाथको रथ तानेर जावलाखेल ल्याइपुऱ्याउँदा उपत्यकावासी र भूतप्रेत पनि जात्रा हेर्न आउँथे। त्यो भोटो चोर्ने भूत पनि जात्रामा आउँछ कि भनेर ज्यापू त्यहाँ आइपुगे। नभन्दै झल्झली झल्केको भोटो लगाएर भूत जात्रा हेर्न आएको रहेछ। त्यो भूत झिलिक्क देखिएर मिलिक्क हराउँथ्यो। बल्लतल्ल वैद्यले पछाडिबाट भूतका पाखुरामा च्याप्प समाते। उनले भूतसँग आफ्नो भोटो मागे। भूतले मानेन। दुवैका बीच ठूलो झगडा भयो। राजा गुणकामदेव पनि मच्छिन्द्रनाथको दर्शन गर्न र जात्रा हेर्न त्यहाँ आएका थिए। राजाका भारदारले ती दुवैबीच ठूलो झगडा भएपछि राजाका अगाडि हाजिर गराए। वैद्यले राजासामु 'महाराज मलाई कर्कोटक नागले दिएको भोटो यसले चोऱ्यो' भने। भूतले भोटो मकैबारीमा आफूले पाएको राजासामु बतायो। गुणकामदेव न्यायी र धर्मात्मा राजा भएकाले दुवैसँग प्रमाण मागी निर्णय नहुञ्जेल त्यो भोटो नासोका रुपमा मच्छिन्द्रनाथको पुजारीलाई राख्न अनुरोध गरेको मानिन्छ।

प्रमाणका लागि ज्यापू वैद्य टौदह किनारमा पुगेर कर्कोट नागलाई भेटे। नागले आफू पनि मान्छेको रुप लिइ सेतो लुगा लगाएर मच्छिन्द्रनाथ जात्रामा साक्षी बन्न आउने बताए। 'म आउँदा हुरी चल्नेछ, म अरुभन्दा अग्लो पनि देखिने छु', कर्कोटक नागले भने। त्यस समय जावलाखेलमा मच्छिन्द्रनाथको रथ आइपुगेको तीन दिन भएको थियो। ज्यापू भोटो पाउने आश लिएर बेलैमा जावलाखेल आए। राजा गुणकामदेव पनि त्यहाँ आए। एकछिन हुरी चल्यो तर वैद्यले हुलमा अरुभन्दा अग्लो मान्छेलाई ठम्याउन सकेनन्। राजाले त्यो कसको भोटो हो भनी मच्छिन्द्रनाथ रथका चारै कुनाबाट देखाउने आज्ञा दिए तर साक्षी प्रमाणसहित त्यो भोटो लिन कोही पनि अघि सरेनन् भन्ने मान्यता अझसम्म नेपालमा रहिआएको छ। तान्त्रिक गुरु बन्धुदत्त बज्राचार्यले रथ निर्माण गर्न अपनाएको विधिअनुसार नै रथ निर्माण गर्ने गरिएको छ। मच्छिन्द्रनाथको रथ शिखराकार भई माथिको गोलाइ सानो हुँदै जान्छ। रथमा त्रयोदश भुवनको प्रतीकस्वरुप तेह्र तला राखिन्छ। रथ बत्तीस लक्षणले युक्त मानिन्छ। रथका चार पाङ्गालाई चार भैरवको प्रतीस्वरुप मानिने ८३ वर्षीय ज्वाँल आशालाल महर्जनले बताए। उनले भने, 'यी चार भैरवहरुमा हयसिद्ध, हयग्रीव, लुप्त संहार (लुइता संहार) र लुभूको नन्दकुण्ड हुन्।' रथको मुनि बीचमा राखिएको लामो काठलाई घःमा भनिन्छ। घःमालाई कर्कोटक नागका रुपमा मानिएको छ। यसको अग्र भागमा हयग्रीव भैरवको मूर्ति स्थापना गरिएको छ। रथ तान्दा कुनै बिघ्नबाधा नहोस् भनेर कर्कोटक नागराजको शिखा बिघ्नातक भैरवलाई आह्वान गरिन्छ। रथ तान्दै लैजाँदा दायाँबायाँ नढल्कियोस् भनी मेरुदण्ड सिधा गर्न डोरीले दायाँबायाँ आवश्यकतानुसार तन्काउने गरिन्छ। यसरी तान्ने डोरीलाई थरिथरि नागका रुपमा मानिने सिद्धिबहादुर महर्जनले बताए। उनले भने, 'दायाँ जगलाई वासुकी नाग र बायाँ जगलाई शेषनागका रुपमा मानिन्छ।' रथमा मच्छिन्द्रनाथको पछाडि रक्तवर्ण बोधिसत्व स्थापना गरिन्छ। यसलाई महादेव वा शिवको प्रतीकका रुपमा मानिने महर्जनले बताए।

# स्यार्पु तालमा बेपत्ता भएका अर्का युवकको शव फेला

अर्जुन बिष्ट/मध्यान्ह
रुकुम पश्चिम, १० साउन

रुकुम पश्चिमको बाँफिकोट गाउँपालिकाथित स्यार्पु तालमा पौडी खेल्ने क्रममा डुबेर बेपत्ता भएका थप एक जनाको शव फेला परेको छ। जिल्लाको बाँफिकोट गाउँपालिका वडा नम्बर ५ निवासी कल्लु घर्तीका २० वर्षीय छोरा अनिल घर्तीको शव फेला परेको हो। साउन ७ गते दिउँसो १२ बजे पौडी खेल्ने क्रममा तालमा डुबेर २३ वर्षीय लोक बहादुर घर्ती र २० वर्षीय अनिल घर्ती बेपत्ता भएका थिए।



त्यस दिनदेखि प्रहरीले निरन्तर खोजिकार्य गर्दा शनिवार दिउँसो १ बजेतिर इलाका प्रहरी कार्यालय बाँफिकोटबाट खटिएको प्रहरी टोलीले शव फेला पारेको जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमले जानकारी दिएको छ।

यसअघि उनीसँगै तालमा बेपत्ता भएका सोहि वडाका लोकबहादुर घर्ती बुधबार दिउँसो मृत अवस्थामा फेला परेका थिए। योसँगै तालमा डुबेर मृत्यु हुनेको संख्या दुई पुगेको छ।

घटना स्थलमा खटिएका प्रहरी टोली, जनप्रतिनिधि र स्थानीयहरुको सहयोगमा स्यार्पु तालको उत्तर दिशातर्फ पानीमा डुबेको अवस्थामा शव फेला परेको जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमले जनाएको छ। उक्त घटनाको थप अनुसन्धान अगाडि बढाई कानुनी प्रक्रिया सुरु भैरहेको प्रहरीले बताएको छ।

## सम्पादकीय

# सतर्क बनौं, उद्धार बढाऔं

यो वर्ष विश्वभरकै मौसममा ठूलो परिवर्तन आएको छ । मूख्यगरी कोभिड महामारी रोकथामका लागि लकडाउन गरिएकाले मौसममा ठूलो सुधार आएको पर्यावरण विद्हरूले तर्क गर्दै आएका छन् । कतिसम्म भने वर्षौ पछाडि राजधानी उपत्यकाका केही स्थानबाट सगरमाथा शिखर देखियो भने तराई मधेशबाट हिमालय शृङ्खला देखियो । अर्थात्, यस पटक मौसममा ठूलो सुधार आएको छ । उद्योगधन्दा बन्द गरिएको र मानवीय क्रियाकलापमा बन्देज लगाइदा मौसममा सुधार देखिएको छ ।

मौसममा आएको सुधारसँगै यसपटक मनसुन पनि बेलैमा सक्रिय भयो । अघिल्ला वर्षहरू जस्तो खण्डवृष्टि, अनावृष्टिको समस्या भन्दा पनि लगातार झरी परिररहने भयो । नेपालका नदीनालाहरूमा दशकौं पछाडि उच्च बहाब देखियो । वैशाखबाटै शुरू भएको मनसुन सक्रिय हुँदा अविरल वर्षाका कारण देशभर भने ठूलो जनधनको क्षति पुगेको छ । गृह मन्त्रालय अन्तर्गत रहेको राष्ट्रिय बिपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको तथ्याङ्कअनुसार, वैशाख यता बाढी पहिरो तथा चट्याङबाट मृत्यु हुनेको संख्या १८१ पुगेको छ । ५१ जना बेपत्ता छन् भने २७८ जना घाइते भएका छन् ।

सवैभन्दा बढी पहिरोबाट जनधनको क्षति पुगेको छ । पहिरोमा परेर मात्रै १२८ जनाको मृत्यु, ४४ बेपत्ता र ११४ जना घाइते भएका छन् । बाढीबाट ६ जनाको मृत्यु, सात बेपत्ता र तीन घाइते भएका छन् । चट्याङमा परेर ४७ जनाको मृत्यु भएको छ भने १६१ घाइते भएका छन् । अर्थात्, विश्वव्यापी महामारी सँगै नेपालीहरूलाई प्राकृतिक प्रकोपले पनि थप पीडा दिएको छ । महामारी र बिपद्को उद्धारमा भने एउटै पंक्ति खटिनु परेको छ । कोभिड महामारी विरूद्ध सेना, प्रहरी र स्वास्थ्यकर्मी खटिएका छन् भने तिनै पेशाकर्मी प्राकृतिक प्रकोपमा परेकाहरूलाई उद्धारमा खटिनु परेको छ ।

स्थानीय समुदाय, सुरक्षाकर्मी र स्वास्थ्यकर्मी लगातार खतरा मोलेर मानवको जीवन बचाउने कार्यमा खटिरहेका बेला सत्तारूढ दल नेपाल कम्युनिष्ट पार्टी नेतृत्व सरकारको प्राथमिकता भने अन्यत्र नै देखिएको छ । महामारीको त्रास र प्रकोपको पीडाकै बीच सत्तारूढ दलकै कारण राजनीतिक प्रकोप समेत निम्त्याइएको छ । जसले गर्दा पूरै समाजको ध्यान राजनीतिक विपद् तर्फ तानिएको छ । पुरै देशको ध्यान मानव जीवनको रक्षातर्फ केन्द्रीत हुनुपर्नेमा सत्तारूढ आफ्नो जवाफदेहिताबाट पूरापुर च्यूत बन्न पुगेको छ ।

## सामाजिक सञ्जाल



नेपालको पूरै भूभाग समेटिएको नक्सा, जारी गर्योचाहीं कस्ले ? पार्टीले जारी गरेको थियो कि सरकारले ? प्रचण्डले त "पार्टीले" भन्नुभयो । "यो सरकारले त पार्टीको निर्देशन मान्दै मान्दैन", उहाँले सधैं भनिराख्नुभएको छ । प्रचण्डको कुरा सुनेर हामी जनता पनि रनभुल्लमै पर्‍यौ ।

- आनन्दराम पौडेल



सत्ता लिँदा न्यूज रूममा सेना पठाएर टेलिभिजनबाट मात्रै सम्बोधन गर्ने राजाले पनि गद्दी छोडेर जाने बेला आफ्ना कुरा जनतालाई भन्न पत्रकार सम्मेलन नै गर्नु परेको थियो, अफ द रेकर्ड होइन, हाकाहाकी !!

– पूर्ण बस्नेत



माओवादी केन्द्र निर्वाचन आयोगले आफै दर्ता गर्‍यो, एमाले चैं प्रमले दर्ता गर्नु भो । ठोस स्थितिको तरल बिष्लेषणको आधारमा मने ।

– टेकनारायण पौडेल



एसिड छ्याप्नेलाई संविधान संशोधन गरेर भए नि मत्युदण्ड को सजाय दिइयोस भन्न हुन्थ्यो । तर शाशकले त्यसको पनि गलत उपयोग गर्छन् । त्यसैले जन्मकैदको सजाय होस ।

– सन्तोष सापकोटा

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article .madhyanhadaily@gmail .com

# लकडाउनका बेला असहज यौन तथा प्रजनन स्वास्थ्य सेवा



■ पदमराज जोशी

> विपद्का बेलामा पनि राज्य र सरोकारवाला निकायले किशोरी, महिला, यौन तथा लैंगिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, महिला यौनकर्मी, एचआईभीसंक्रमित, तथा अन्य सेवाको पहुँचबाट बञ्चित सिमान्तकृत समुदायलाई यौन तथा प्रजनन स्वास्थ्य सेवाबाट बञ्चित गर्नु हुँदैन ।

बिपत्का बेला ठूलो संख्यामा मानिसहरू यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी सेवाबाट बञ्चित हुने गरेका छन् । यस्तो बेला हाम्रो समाजमा नहुनु पर्ने थुप्रै यौन हिंसाका घटना हुने गरेकाछन् ।चाहे त्यो कोरोना महामारीका कारण लकडाउन वा क्वारेन्टाइनमा बस्नु परेको अवस्था होस् वा भूकम्पका बेला घर भत्केर खुला चौरमा अस्थायी रूपमा निर्माण गरिएका सेल्टरमा बस्नु परेको अवस्था नै किन नहोस् । बिपत्का बेला हिंसाको सिकार बढीजसो महिला हुने गरेका पाइन्छ । विश्वव्यापी कोरोना भाइरसको संक्रमण रोकथाम र नियन्त्रणका लागि सरकारी नियम पालना गर्दै नेपालमा पनि हजारौं व्यक्ति क्वारेन्टाइनमा बसे । केही अहिले पनि बसेका छन् । क्वारेन्टाइनमा बस्नुपर्दा थुप्रै महिलाले बलात्कारसम्मको यौन हिंसा भोग्नु परेका केही घटना सार्वजनिक भए केही बाहिर आएनन् । चैत ११ गते साउन ६ गतेसम्म गरिब करिबचार महिनासम्म भएको लकडाउनमा बस्नु पर्दा हजारौं महिलाले घरभित्रै यौन हिंसा भोग्न बाध्य भए भने कामका लागि विदेश गएका थुप्रै महिलाले स्वदेश फर्कने बेला भारतीय सीमामा बनेका होल्डिङ सेन्टरमा र कतिले स्वदेश फर्केपछि पनि क्वारेन्टाइनमा बस्नुपर्दा यौन हिंसा भोगे । भारतबाट फर्केर कैलालीको चुहालम्की नगरपालिकाको क्यारेन्टनाइनमा बसेकी एक महिलामाथि भएको बलात्कारको घटनाले हाम्रो समाजका केही गलत तत्वको चित्र उदांगो पारिदिएको छ ।यस बाहेक विपद्का बेलामा अधिकांश किशोरी, महिला, यौन तथा लैंगिकअल्पसंख्यक, अपांगता भएका व्यक्ति, महिला यौनकर्मी, एचआइभीसंक्रमित र सेवाको पहुँचबाट बञ्चित सिमान्तकृत समुदाय यौन तथा प्रजनन स्वास्थ्य सेवाबाट बञ्चित भए । लकडाउनका बेला सरकारी स्वास्थ्य सेवामात्र प्रभावित भएनन् निजी क्षेत्रका स्वास्थ्य सेवा पनि प्रभावित भए । केही क्लिनिक र मेडिकल हल खुले पनि उनीहरूले आवश्यकताअनुसार स्वास्थ्य सेवा प्रदान गर्न सकेनन् । सबैमा कोरोनाको त्रास र लकडाउनका कारण आर्थिक, सामाजिक, पारिवारिक, समस्यासँगैयो बेला सहज रूपमा यौन तथा प्रजनन सेवा प्राप्त हुन नसक्दा उनीहरूले थुप्रै शारीरीक तथा मानसिक समस्या भोग्नु पर्‍यो । लामो समय घरभित्रै कोचिएर बस्नु पर्दा शारीरिक सम्पर्क राख्दा परिवार नियोजनका साधन पाउन नसक्दा सयौं महिलाले अनिश्चित गर्भाधारण गर्नु पर्‍यो । जसको फलस्वरूप लकडाउनमा गर्भपतन गराउनेको संख्या अरू स्वास्थ्य समस्याका तुलनामा बढेको पाइएको गर्भपतन सेवा प्रदायक स्वास्थ्य संस्थाहरूको तथ्यांकले देखाउँछ । सहज रूपमा सुरक्षित गर्भपतन सेवा नपाउदा कत्तिले असुरक्षित गर्भपतनको समेत सहारा लिए । लकडाउनका कारण केही घरमै सुत्केरी भए त केही जसोतसो स्वास्थ्य संस्थासम्म पुगे ।देशभरिमा सबैभन्दाबढी सुत्केरी हुने प्रसूति गृहमा अरू बेलाको तुलनामा लकडाउनमा बेला ७० प्रतिशतभन्दा कम मात्र बच्चा जन्मिएको पाइएको छ । यसले लकडाउनका बेला कयौं गर्भवती महिलाले घरमै बच्चा जन्माएको बुझ्न सकिन्छ । घरमै बच्चा जन्माउनु भनेको गर्भवती महिला र पेटभित्रको शिशु दुवैका लागि उत्तिकै जोखिम मानिन्छ । त्यसैले होला लकडाउनका बेला मातृमृत्यु दर ह्वात्तै बढेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्यांकले देखाएको छ । कोरोना भाइरस सर्ने डरले लकडाउनका बेला धेरै जसो यौनकर्मी महिलाले आफ्नो व्यवसायलाई केही समयका लागि स्थगित गरे पनि केहीले भने जीवन निर्वाहका लागि भए पनि जोखिम मोलेरै व्यवसाय जारी यौनकर्मी महिलाको अधिकारका क्षेत्रमा कार्यरत जागृति महिला महासंघकी कार्यक्रम निर्देशक विजया ढकाल बताउछिन् । लकडाउनका बेला चाहिएको बेला परिवार नियोजनका साधन उपलब्ध नभएपछि सुरक्षित यौन सम्पर्क हुन नसकेर असुरक्षित सम्पर्क बढेको र यो बेला उनीहरूले थुप्रै समस्या भोग्नु परेको ढकालको आकलन छ । उनका अनुसार कोरोना संक्रमण स्वास प्रश्वासबाट सर्ने भएकाले एक व्यक्ति र अर्को व्यक्ति बीचको दूरी दुई मिटर हुनुपर्ने सरकारले भनिरहँदा यौनकर्मी महिलाहरूले भने लुकिछिपी आफ्नो पेसा निरन्तरता दिनुपने बाध्यताका कारण यो समयमा असुरक्षित यौन सम्पर्क बढेको हो ।

विपद्का बेलामा पनि राज्य र सरोकारवाला निकायले किशोरी, महिला, यौन तथा लैंगिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, महिला यौनकर्मी, एचआईभीसंक्रमित, तथा अन्य सेवाको पहुँचबाट बञ्चित सिमान्तकृत समुदायलाई यौन तथा प्रजनन स्वास्थ्य सेवाबाट बञ्चित गर्नु हुँदैन । तर व्यवहारमा त्यसो हुन सकेन । सरकारले लकडाउनका बेला महिनाभन्दा बढी समय पुग्ने परिवार नियोजनका साधन उपलब्ध गराउन मातहतका स्वास्थ्य निकायहरूलाई निर्देशन दिए पनि साधनहरूको अपर्याप्तता र सरकारी स्वास्थ्यकर्मीको व्यवहारका कारण सेवाग्राहीले आवश्यकताअनुसार लकडाउनमा यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी सेवा प्राप्त गर्न सकेनन् । यौन तथा प्रजनन स्वास्थ्यको क्षेत्रमा विगत ६० वर्षदेखि निरन्तर कार्यरत नेपाल परिवार नियोजन संघले भने कलडाउन सुरु भएको एक हप्तामा नै आफ्ना क्लिनिकहरू र स्वास्थ्य संस्थाहरूमार्फत विपद्मा रहेका किशोरी, महिला, यौन तथा लैंगिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, महिला यौनकर्मी, एचआईभी.संक्रमिततथा अन्य सेवाको पहुँचबाट बञ्चित सिमान्तकृत समुदायमा यौन तथा प्रजनन स्वास्थ्य सेवामा तल्लीन रहेर आफ्नो पुरानो साखलाई जोगाउन सफल भयो । नेपाल परिवार नियोजन संघ उपत्यका शाखाले मात्र लकडाउनका बेला अप्ठ्यारोमा परेका ४० जना महिलालाई सुरक्षित गर्भपतन सेवा प्रदान गरेकोशाखाका वरिष्ठ शाखा प्रवन्धक शरद अर्याल बताउँछन् । यसका अलावा परिवार नियोजन संघले सेवा लिन क्लिनिक आउन नसक्ने अवस्थामा रहेका महिला र शारीरिक रूपले अपांगता भएका व्यक्तिलाई घरमै गएर सेवा दिने र क्लिनिकमा ल्याएर सेवा दिएर घर पुर्‍याइदिने कार्य गरेको अर्यालले जानकारी दिए । उनका अनुसार संघले पाठेघरको मुखको क्यान्सरको परीक्षण, पाठेघरमा राख्ने रिङ पेसरी राख्ने सेवा, परिवार नियोजनका साधन वितरण र जनचेतना जगाउने कामलाई लकडाउनमा पनि निरन्तरता दिएको थियो । यसका अलावा उपत्यकाका सुकमबासी बस्तीहरूमा हुन सक्ने असुरक्षित यौन सम्पर्कलाई कम गर्न संघको पहलमा पियर ग्रुपमार्फत कण्डमलगायत परिवार नियोजनका सधान वितरण गदिएको छ । संघका अनुसार उसले चैत्र १५ देखि असारसम्मको समयमा ८,६८,९६७ यौन तथा प्रजनन स्वास्थ्य सेवा उपलब्ध गराएको छ । कोभिड– १९ का बेला प्रजनन स्वास्थ्य सेवाबाट सेवाग्राहीहरू बञ्चित हुनु नपरोस् भन्ने उद्देश्यले हेल्पलाइन नम्बर १६६००१४५००० सञ्चालन गरिरहेको थियो । यो परामर्श सेवा निकै प्रभावकारी रहेको सेवाग्राहीहरूले बताएका छन् ।

विपत्का बेलामा पनि लाञ्छनारहित ढंगले यौन तथा प्रजनन स्वास्थ्य सेवा उपलब्ध गराउँदै आइरहेकोले संघप्रति सबैको विश्वास बढेको सेवाग्राही, अपांग तथा समलिंगी अधिकारकर्मी आदित्य राई बताउँछन् । सहज बेलाभन्दा असहज परिस्थितिमा सेवा दिनुको महत्व बढी हुने राईको ठम्याइँ छ ।शुक्रराज ट्रपिकल तथा सरुवारोग अस्पतालका विशेषज्ञ डा. शेरबहादुर पुनले यौनकर्मी र उनीहरूका साथमा जाने ग्राहक दुवै अहिले कोरोना भाइरस संक्रमणको उच्च जोखिममा रहेको बताए। यौन पेसा भन्नेबित्तिकै शारीरिक सम्बन्धको कुरा आउँछ । यौनकर्मी र ग्राहक दुवैले एकअर्कालाई नचिनेको हुन सक्ने, यौन सम्पर्कका बेला र्‍यालहरू एक जनाबाट अर्कोमा जान सक्ने भएकाले र त्यो बेलामा मास्क, स्यानिटाइजर प्रयोग ध्यान नहुने भएकाले कोरोना संक्रमणका बेला सबैभन्दा बढी जोखिममा यौनकर्मी हुने डा. पुन बताउछन् । यस्तो बेलामा यौनकमी र उनीहरूसँग जाने ग्राहक दुवै सजग हुनुपर्ने डा. पुनले सुझाए । 'हामीले हरेक मानिसलाई कोरोनाबाट बच्न यसो गर, त्यसो गर भन्यौं, तर यौनकर्मीका विषयमा हामीले अहिलेसम्म सोचेकै रहेनछौं । कोरोनाबाट बच्नका लागि भौतिक दूरी जरुरी छ । अहिले पनि कोरोनाको संक्रमण पूरै हटिसकेको अवस्था छैन । सरकारले साउन ६ गतेदेखि लकडाउन हटाए पनि कोरोना संक्रमणबाट बच्न अझै सजकता अपनाउनु जरुरी छ । तर कोरोनाका साथै यौन तथा प्रजनन स्वास्थ्यलगायत स्वास्थ्यका अन्य पाटाहरूलाई सरकार र सरोकारवाला निकायले ध्यान दिनु जरुरी छ ।

# अर्थतन्त्र चलायमान बनाउन चार 'स' को महत्व



प्रा. डा. हरि शर्मा

मानिसको ज्ञान-विज्ञान, प्रविधि र विकासलाई चुनौती दिँदै कोभिड-१९ भाइरसले आज सम्पूर्ण विश्वलाई किंकर्त्तव्यविमूढ तुल्याएको अवस्था छ । विश्वका बलिया-बलिया अर्थतन्त्रहरू पनि अहिले कोरोनाबाट ग्रस्त भई शिथिल भइसकेका छन् । कमजोर अर्थतन्त्रहरू निरुपाय छन्, तैपनि जीवनको सुरक्षाका लागि जुझिरहेका छन् । कोठामा गुम्सिएर 'लकडाउन' को पालना गरिरहँदा सयौं मानिसमा मानसिक रोग उब्जन थालेको र सयौंले त आत्महत्या गरी यो सुन्दर जीवन सदाका लागि गुमाएका छन् । प्रत्येक दिन कोरोना त्रासले विश्वभरिका आममानिसलाई कमजोर बनाउँदै गइरहेको देखिन्छ । उद्योग, व्यापार, वाणिज्य र आर्थिक गतिविधिहरू क्रमशः चुडिँदै जाँदा मानव जातिको जीवनशैलीमा अकल्पनीय परिवर्तनहरू स्वाभाविक रूपमा आइरहेका छन् । प्राण रहिरहने बेलासम्म मानिसमा आशाका झिल्काहरू रहिरहन्छन् र अहिले विश्व नै कोरोनाबाट सुरक्षित रहन आवश्यक भ्याक्सिन अथवा औषधिको पर्खाइमा छ ।

यस सन्दर्भमा हाम्रो मुलुक कोरोना-१९ को सन्त्रासलगायत अन्य अनेकौं असामान्य र नौला-नौला समस्याहरूको सम्मुखिन हुँदै आइरहेको छ । लामो लकडाउनले श्रमजीवीहरूको जीवन तथा किसान र मजदुरहरूको जिजिविषा अत्यन्तै कष्टकर हुँदै गइरहेको जगजाहेरै छ ।

सुस्त व्यापार र मन्द आर्थिक गतिविधिका कारण समाजका सबै तप्काका नागरिक विशेष गरी मध्यमवर्गीय नागरिकहरूमा करको चटारो पर्नुका साथै परिवारप्रतिका अन्य आर्थिक दायित्वहरू पूरा गर्न सकस परिरहेको अवस्थाले नैराश्यता बढ्दो छ । सरकारबाट नागरिकको कल्याण र हितका लागि रत्तिमात्र पनि कुनै कदम चालिएको आममानिसले अनुभूत गर्न सकेका छैनन् । सरकारमा पदासीनहरूले महँगा गाडी किन्ने र महल सजाउने जस्ता काममा राज्य कोषको दुरुपयोग गरिरहेको सबैले देखिरहेका छन् । एकातिर घूस, कमिसन र ठगीको बिगबिगी छ भने अर्कातिर अन्याय, शोषण र भ्रष्टाचार सर्वत्र व्याप्त छ । सरकार अहिले सत्ता जोगाउने र हत्याउने लयमा छ । जनता गरिबी, भोकमरी र अस्वस्थताले पिरोलिएका छन् ।

कोभिड-१९ को सन्त्रास २०७२ साल वैशाख १२ गतेको विनाशकारी महाभूकम्पका झट्काहरूभन्दा बढी दुःखदायी र विनाशकारी प्रमाणित भइसकेको छ । हाम्रो प्रसंगमा हालसम्म मानसिक सन्तुलन गुमाएर संक्रमणका भयावह सोच आदिले गर्दा झन्डै हजारौं जनाले आत्महत्या गरिसकेका छन् । शैक्षिक संस्थाहरू बन्द रहेकाले बालबालिकाहरूको सृजनात्मकतामा पनि ह्रास बढ्दै गइरहेको विज्ञहरूको भनाइ छ । व्यापारी/व्यवसायीहरूले आफ्ना उद्योगहरूलाई बचाएर राख्न सरकारसँग विशेष राहतका प्याकेजको माग राख्दाराख्दै पनि सरकारले उद्योगहरूलाई खुला गरिएको बहानामा व्यवसायी वर्गको मागलाई नसुनेजस्तो गरी यस आ.व.को बजेटमा कुनै राहतका प्याकेजलाई स्थान दिइएन, बरु सरकारमा बस्नेहरूले आफ्नो तलब-भत्ता र सुविधाहरूलाई बढाएर फेरि पनि 'समृद्ध नेपाल, सुखी नेपाली' को उपहास गरिएको देखियो । पर्यटन क्षेत्रलाई सरकारले जहिले पनि जलस्रोत र कृषिसँग गाँसेर पैरवी गर्ने गरेको भए तापनि कोभिड-१९ का दौरान यस क्षेत्रलाई जोगाउन कुनै पनि सकारात्मक पाइला चालेको देखिएन । पर्यटकीय स्थलहरू अहिले उजाड छन् । पर्वतीय क्षेत्रदेखि धार्मिक स्थलहरू सबै निर्जन, निःशब्द र मृततुल्य छन् । यिनलाई पुनर्जीवन दिई राज्यको आर्थिक गतिविधिलाई चलायमान राख्ने प्रयास गरिने कि यिनलाई यथास्थितिमा राखिरहने ? कर असुल्न भने अर्थ मन्त्रालयले मितिउपर मिति तोक्ने गर्छ । पर्यटन उद्योगका लागि यो पराकाष्ठा हो । थोरै भए पनि संघीय सरकारले अन्य सरकारहरूसँग सहकार्य गर्दै पर्यटनका लागि राहतका प्याकेज अविलम्ब घोषणा गर्नुपर्छ । समस्याहरूलाई समस्यातर्फ नडोर्‍याई यथास्थितिमा छोडिदिने हो भने राज्यले र नेपाली जनताले अन्य पीडाहरूबाहेक पनि अकल्पनीय आर्थिक पीडा भोग्नुपर्ने निश्चित छ ।

आमजनताले विभिन्न सञ्चारमाध्यमहरूलाई नै आफ्नो सूचनाको स्रोतका रूपमा मानेका हुन्छन् । निःसन्देह केही प्रवाहित जानकारीहरू अतिरञ्जित खालका होलान्, तर अधिकतम सूचना र घटनाहरूले मुलुकमा व्याप्त भ्रष्टाचारको भण्डाफोर गरिरहेका छन् । कतिपय स्थानीय तहमा जनता स्वयं पनि भ्रष्टाचारीविरुद्ध खनिएका छन् । केन्द्रको त कुरै नगरौं, अन्य केही गाउँ-ठाउँमा भ्रष्टाचारको हावा तीव्र गतिले बगिरहेको र जनतारूपी पातहरू हल्लिरहेको प्रत्यक्ष आभास हुन्छ । सम्भवतः समयले देशमा भयावह आँधी, हुरी र चट्याङ पो पर्खिरहेको छ कि ? घुनसँगै चामल पनि पिसिने डर छ । अपवाद त त्यहाँ पनि लागू हुन्छ । निर्दोष र इमानदारहरू पनि भ्रष्टाचारको मुद्दामा नमिसिएलान भन्न सकिँदैन । तसर्थ, राज्यले भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता अपनाउनैपर्छ । कैयौं वर्षपछि फ्रान्सका प्रधानमन्त्री र उहाँकी श्रीमतीले कुन नियति भोग्नुपर्‍यो, त्यो यथार्थ हाम्रा सामु आलै छ । हामीकहाँ पनि गाइँगुइँ आवाजहरू सुन्न थालिएको छ- 'सरकार ! भ्रष्टाचार नगर, जनताले तिरेको करमा मनपरी रजाइँ गर्न छोडिदेऊ, नत्र भने यसको मोल तिमीहरूलाई महँगै पर्न जाला ।'

आममानिसको दैनिकी, उद्योगधन्दा, व्यापार-व्यवसाय र आर्थिक गतिविधिलाई क्रियाशील बनाउन वर्तमान परिप्रेक्ष्यमा चारवटा 'स' का सिद्धान्तहरूलाई आधार मानी सरकारले आफ्ना राष्ट्रिय कार्यक्रमहरूको रोडम्याप तयार पार्नु नितान्त आवश्यक छ । ती चारवटा 'स' हुन्– सुरक्षा, सुविधा, सतर्कता र संरक्षण । आम जनताको सुरक्षाको प्रत्याभूतिचाहिँ नीति-निर्माताहरूको प्राथमिकतामा पहिलो हुनुपर्छ । जीउ-ज्यान, स्वास्थ्य, शिक्षा, रोजगारी र आर्थिकोपार्जनको ग्यारेन्टी जरुरी छ । सरकार इमानदार भए मात्र यी सम्भव हुन्छन् । त्यसरी नै राज्यले असुल्ने करको सदुपयोग साधारण जनता र सेवाप्रदायक निकायहरूको हितका लागि यथेष्ट सुविधाको सिर्जना गरिनुपर्छ, न कि सीमित वर्गको हितका लागि । वर्तमान परिस्थितिमा जनप्रतिनिधिहरूको सुविधा वृद्धिमा केन्द्रित रहनु भनेको लोकहितकारी राज्य (वेलफेयर स्टेट) को सिद्धान्तविपरीत हो । मुलुकभरि अभाव व्याप्त छ । सरकारले सतर्कताका साथ नागरिकहरूले भोगिरहेको अभावलाई उनीहरूको स्वभावमा विसंगति पैदा गर्ने अवसर दिनु हुँदैन । कोभिड-१९ को महामारीको रोकथामका लागि गाउँपालिकाहरूले समेत राष्ट्रिय दैनिकहरूमा जनहितका लागि विज्ञापन निकालेर फजुल खर्च बढाइरहेका छन् । त्यो रकम त स्थानीय क्वारेन्टाइनहरूमा भौतिक सुविधा वृद्धि गर्न खर्चिनु पर्ने होइन र ? स्वास्थ्योपचारका निम्ति आवश्यक उच्च स्तरीय उपकरण खरिद र औषधिहरूमा खर्चिनुपर्ने होइन र ?

अन्त्यमा, पर्यटन क्षेत्रसँग कुनै न कुनै रूपमा आबद्ध रहेको चिन्तकको हैसियतले भन्नुपर्दा यो क्षेत्र अहिले रुग्णताको शिखरमा छ । यसलाई राहतका माध्यमबाट प्रभावकारी उपचारको व्यवस्था गर्न सकिएन भने रुग्णताको यो समय लम्बिने स्पष्ट छ । तर, यसैबीच हामीले आन्तरिक पर्यटन विस्तारमार्फत यस क्षेत्रलाई वैज्ञानिक ढंगले सक्रिय तुल्याउन सक्ने आधारहरू पनि छन् र यसमा पुनः त्यही चार 'स' को सिद्धान्तलाई आत्मसात् गरेर मात्रै पाइला चाल्नुपर्छ । मान्छे स्वभावले एकै ठाउँमा लामो समयसम्म बन्दीसरह बस्न सक्दैन । पर्यटन अथवा घुमफिर उसका स्नायुमा बग्ने रगतका कण-कणमा व्याप्त रहेको हुन्छ । पर्यटन क्षेत्र शिथिल भएर लड्दैन र मर्दैन । सरकारबाट थोरै मात्र पनि चेतनाको सही प्रयोग भयो भने नगण्य कालखण्डभित्र पर्यटनले निःसन्देह पुनर्जीवन पाउँछ । त्यसैले अहिलेको अवस्थामा सरकारबाट अपेक्षा गरिएको राहत प्याकेजको सही र समयोचित प्रयोग गर्ने तथा यस क्षेत्रलाई व्यवसायका रूपमा लिएकाहरूले संयम र धैर्यता अपनाउनैपर्ने अवस्था छ ।

# भारतमा कोरोना संक्रमण बढ्दो



भारत/एजेन्सी- भारतमा विगत २४ घण्टामा ४८ हजार ९१६ व्यक्ति सङ्क्रमित भएका स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले शनिबार जानकारी गराएको छ । यससँगै भारतमा कोभिड-१९ सङ्क्रमितको संख्या १३ लाख ३६ हजार ८ सय नाघेको छ । उक्त अवधिमा थप ७५७ सङ्क्रमित व्यक्तिको मृत्यु भएको छ। अहिलेसम्म भारतमा ३१ हजार ३५८ कारोनाभाइरस सङ्क्रमितको मृत्यु भइसकेको छ ।

भारत सङ्क्रमणका दृष्टिकोणबाट विश्वको तेस्रो स्थानमा रहेको छ तर भारतमा अधिकांश विरामी निको भई घर फर्किइसकेका छन् । शनिबारसम्ममा चार लाख ५८ हजार २ सय बढी व्यक्ति कोभिड-१९ बाट अझै पनि सङ्क्रमित रहेका छन् ।

प्रदेश अनुसार हेर्दा सवैभन्दा धेरै महाराष्ट्र राज्यमा तीन लाख ५७ हजार बढी सङ्क्रमित भएका छन् । त्यसैगरी तमिल नाडुमा एक लाख ९९ हजार ७ सय बढी र दिल्ली राज्यमा एक लाख २८ हजार ३ सय बढी सङ्क्रमित भएका छन् ।

मुख्यमन्त्री चौहानलाई संक्रमण

भारतको मध्य प्रदेशका मुख्यमन्त्री शिवराज सिंह चौहानलाई कोरोना भाइरसको संक्रमण भएको छ । मुख्यमन्त्री चौहानले शनिबार ट्वीट गरेर आफूलाई कोरोना संक्रमण भएको जानकारी दिएका हुन् । उनले आफ्नो सम्पर्कमा आएका व्यक्तिलाई क्वारेन्टिनमा बस्न अपिल गरेका छन् ।

मुख्यमन्त्री चौहानले लेखेका छन्, 'मेरा प्रिय प्रदेशबासिन्दाहरु, मलाई कोभिड-१९ को लक्षण देखिएको थियो, परीक्षण गर्दा रिपोर्ट पोजेटिभ आयो । मेरा सबै साथीहरुसँग अपिल छ कि जो कोही मेरो सम्पर्कमा आउनु भएको थियो सबैले कोरोना परीक्षण गराउनु होला । यस्तै मेरो सम्पर्कमा आउनु भएकाहरु क्वारेन्टिनमा बस्नु होला ।'

उनले लेखेका छन्, 'मैले कोभिड-१९ का सबै नियमहरु पालना गरेको छु। डाक्टरको सल्लाह अनुसार सेल्फ आइसोलेशनमा छु। प्रदेशका बासिन्दासँग सावधानी अपनाउन अपिल छ ।'

यसैबिच कांग्रेसका वरिष्ठ नेता दिग्विजय सिंहले चौहानको शीघ्र स्वास्थ्य लाभको कामना गरेका छन् । तर उनले व्यंग्य पनि प्रहार गरेका छन् । सिंहले लेखका छन्, 'दुःख लागेको छ शिवराज जी, तपाईलाई कोरोना संक्रमण भयो। ईश्वरले तपाईंलाई चाँडो स्वस्थ बनाउन् । तपाईंले सामाजिक दूरीको ख्याल गर्नु पर्ने थियो, जुन गर्नु भएन। ममाथि त भोपाल प्रहरीले उजुरी दर्ता गरेको थियो। तपाईंमाथि कसरी गर्थे। अब आइन्दा ख्याल गर्नु होला ।'

# बोल्सोनारोका सहयोगीहरूको ट्वीटर र फेसबुक खाता बन्द

ब्राजिल/एजेन्सी- ब्राजिलका राष्ट्रपति जाइर बोल्सोनारोका सहयोगीहरूले गलत सूचना प्रबाह गरी अदालतको मानमर्दन गर्न खोजेको आरोप लगाउँदै अदालतले छानबिनको लागि अवरुद्ध गर्ने आदेश दिएपछि सामाजिक सञ्जाल ट्वीटर र फेसबुकले उनीहरूका खातालाई बन्द गरिदिएको छ ।



दक्षिणपन्थी नेता बोल्सोनारो र अदालतबीच बढेको तनावबीच राष्ट्रपतिका निकटस्थ सदस्यहरूले अदालतलाई बदनाम गर्नका लागि सामाजिक सञ्जालमार्फत अभियान चलाएको आरोप छ। यसले अदालत र न्यायाधीशहरुलाई बदनाम गराएको भन्दै ती सामाजिक सञ्जालका खाताहरू बन्द गर्न उक्त अदालतले आदेश दिएको थियो ।

दुबै अमेरिकी सामाजिक सञ्जालका विज्ञहरूले पनि उनीहरूको प्लेटफर्ममा घृणायुक्त बोली र गलत जानकारीको बिरूद्ध बढी आक्रामक अभिव्यक्तिहरू आएका कारण बन्द गर्न दवाव परेको बताएका छन् ।

न्यायाधीश अलेक्जान्ड्रे डे मोराइसले गत मे महिनाको सुरूमा गरेको आदेश भनिएको थियो, 'राष्ट्रपतिका निकटमा रहेका केही व्यक्तिहरूले अदालतको विरूद्ध सामाजिक सञ्जालको दुरूपयोग गर्दै भूट्टा समाचार, अपमानजनक आरोप, धम्की र अपराध' गरेको पाइएकोले तिनीहरूलाई रोक्न खाताहरुलाई बन्द गनुपर्छ ।'


बन्द गरिएका खाताहरूमा अनुदारवादी पूर्व सांसद रोबर्टो जेफरसन, ख्यातीप्राप्त व्यवसायी लुसियानो ह्याङ तथा दक्षिणपन्थी समूह निकट मानिने अधिकारकर्मी सारा विन्टर रहेका छन् ।

ब्राजिलमा उनीहरूको फेसबुक र ट्वीटर पृष्ठहरूमा आगन्तुकहरूले उनीहरूको सन्देशहरू देख्न सक्ने छैनन् र ती सामाजिक सञ्जालहरूमा उनीहरूको खाता रोकिएको देखिने छ । यद्यपि ती सन्देशहरू अन्य मुलुकमा भने देख्न सकिने छ ।

फेसबुकले उनीहरूले लेखेका सन्देश खोल्दा 'उक्त विवरण उपलब्ध नभएको' जानकारी दिएको छ। त्यस्तै ट्वीटरले कानूनी माग अनुसार 'ब्राजिलमा उक्त खाता रोक्का गरिएको' उल्लेख गरेको छ।

अवरुद्ध खाताहरूका अधिकारीहरू खाता रोक्का गरिएकोमा क्रुद्ध बनेका छन् । विन्टरले अदालतको आदेशलाई 'तानाशाही' कदमको सज्ञा दिएका छन् भने जेफरसनले नाजी जर्मनीसँग तुलना गरेका छन् ।

# फ्रान्स प्रवेश गर्ने १६ देशका आगन्तुकलाई परीक्षण अनिवार्य



फ्रान्स/एजेन्सी- फ्रान्समा कोरोनाभाइरसको दृष्टीले धेरै जोखिममा रहेका देशहरुबाट आउने आगन्तुकहरुलाई परिक्षण विना प्रवेश गर्न कडाई गरिने भएको छ । प्रधानमन्त्री जेन कस्टेक्सले यो व्यवस्था आगमी अगस्ट १ देखि लागु हुने शुक्रबार जानकारी दिएका हुन् ।

सिमानामा सुरक्षा र सतर्कता कायम राख्ने सरकारको नीति अन्तर्गत परीक्षणलाई कडाई गर्ने व्यवस्था गर्न लागिएको उनको भनाइ छ। उनका अनुसार अमेरिका, ब्राजिल, भारत, अल्जेरिया, बहराईन, इजरायल, दक्षिण अफ्रिका, कुवेत, कतार, युएई, ओमन, पनामा, पेरु, सर्बिया, टर्की र मडागास्करबाट आउने यात्रुलाई परीक्षण अनिवार्य गर्न लागिएको हो ।

फ्रान्सले ती देशहरुलाई कोरोनाको दृष्टीकोणले खतरापूर्ण अवस्थामा रहेका देशहरुको सूचीमा राखेको अधिकारीहरुले जनाएका छन् । 'ती देशहरुमा परीक्षण नगर्ने रणनीति लिइएको छ। त्यसैले हामीले परीक्षण गर्नु पर्ने व्यवस्था गर्न लागिएको हो। यो कार्यान्वयन गर्न धेरै गाह्रो छ भन्ने हामीलाई थाहा छ । तै पनि गर्ने निर्णयमा पुगेको छौं,' उनले भने ।

सिमाना जोडिएको स्पेनबाट हुने आवतजावतलाई कसरी सुरक्षित बनाउने भन्ने बारेमा छलफल भइरहेको र आवत जावतलाई अति न्युन बनाउने प्रयास गरिने पनि उनले जानकारी दिए ।

फ्रान्समा शुक्रबारसम्म एक लाख ८० हजार ५२८ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएका छन्। ती मध्ये एकैदिनमा एक हजार १३० जना थपिएको अधिकारीहरुले जनाएका छन्। यो संख्या एक दिन अगाडी एक हजार ६२ मात्रै रहेको थियो । कोरोनाभाइरसका कारण फ्रान्समा अहिलेसम्म तीस हजार १९२ जनाको मृत्यु भएको छ। ती मध्ये दश जनाको पछिल्लो २४ घण्टामा मृत्यु भएको हो ।

# डब्लूएचओद्वारा चिन्ता व्यक्त

जेनेभा/एजेन्सी- युरोपेली मुलुकहरुमा कोरोना भाइरसको सङ्क्रमण थप फैलिएको भन्दै विश्व स्वास्थ्य सङ्गठन (डब्लूएचओ)ले चिन्ता व्यक्त गरेको छ। डब्लूएचओको युरोप शाखाले शुक्रबार चासो देखाउदै सङ्क्रमण बढेका मुलुकहरुमा निधेषात्मक व्यवस्थालाई अबलम्बन गर्नुपर्नेमा पनि जोड दिएको छ ।

गत बिहीबारसम्ममा युरोपमा ३० लाखभन्दा बढीमा सङ्क्रमण पुष्टि भएको अधिकारीहरुले जानकारी दिएका छन्। त्यसैगरी मृतकको संख्या पनि बढीरहेको उनीहरुको भनाइ छ। यूरोपेली राष्ट्रहरू फ्रान्स, जर्मनी, बेलायत, स्पेन र इटली केहीसमय पहिलेसम्म अत्यधिक प्रभावित मुलुक रहेको भएपनि ती मुलुकहरूमा पछिल्लो समयमा सङ्क्रमण घट्दो क्रममा रहेको देखिन्छ । यद्यपि महामारी नियन्त्रणमा नै आइसकेको भने होइन । पूर्व सोभियत संघबाट छुट्टिएर स्वतन्त्र बनेको किर्गिजस्थान कोरोनाको महामारीबाट सवैभन्दा बढी ग्रसित भएको छ । त्यसैगरी मोन्टेनेग्रो, लक्जेम्वर्ग, बोस्निया हर्ज गोभिना, सर्बिया, रोमानिया र बुल्गेरिया पनि धेरै प्रभावित देशमा पर्दछन् । डब्लुएचओकी एक जना प्रवक्ताले भनिन् 'पछिल्लो समय कतिपय देशहरुमा सङ्क्रमितहरुको संख्या झन झन बढेको छ, भौतिक दूरी कायम गर्नेलगायतका आधारभूत स्वास्थ्य सतर्कता अपनाउनु पर्ने आवश्यकता देखिएको छ ।' गत मे २० देखि युरोपभरि दैनिक औषत २० हजार जना सङ्क्रमितहरु थपिने गरेको पनि उनले जानकारी दिए ।

# भियतनामद्वारा वन्यजन्तुको आयातमा प्रतिबन्ध



भियतनाम/एजेन्सी- भियतनामले मासुको प्रयोजनका लागि हुने वन्यजन्तुको आयातमा प्रतिबन्ध लगाइएको घोषणा गरेको छ । कोरोनाभाइरसजस्ता जनावरबाट मानिसमा सर्ने सङ्क्रामक रोगबाट हुने खतराप्रति चासो देखाउँदै वन्यजन्तु बजार बन्द गर्ने निर्णय लिएको सरकारी अधिकारीहरूले बताएका छन् ।

बिहीबार प्रधानमन्त्री नुग्येन जुआन फुकले हस्ताक्षर गरेको आदेशमा मृत वा जीवित कुनै पनि वन्यजन्तुहरूको आयातमा प्रतिबन्ध लगाइएको जनाइएको छ । प्रतिबन्धमा पंक्षीका फुल र लार्भासमेत समावेश हुनेछन् । आदेशमा यदि आदेशको उल्लङ्घन गरेको भेटिएमा वन्यजन्तु व्यापारमा सम्लग्नलाई अपराध कानून बमोजिम कडा सजाय हुने बताइएको छ ।

भियतनाम वन्यजन्तु उत्पादनहरूका लागि लोकप्रिय गन्तव्य हो । प्रायजसो लोपोन्मुख प्रजातिहरूको परम्परागत चिकित्सा वा विदेशी खाना तयार गर्नका लागि भियतनामले वन्यजन्तुको ठूलो मात्रामा आयात गर्ने गरेको छ ।

विश्वले कोभिड-१९ विरूद्धको लडाई लडिरहेका समय जनावरबाट मानिसमा सर्ने सङ्क्रामक रोग नियन्त्रणका लागि यो कदम लिइएको अधिकारीहरूले बताएका छन् । 'ह्युमानु सोसाइटी इन्टरनेशनल' भियतनामका कन्ट्री निर्देशक फुंग थामले सरकारी निर्णयबारे भने, 'भियतनामका केही स्थानमा वन्यजन्तु बजारका कारण ठूलो समस्या रहेको छ । यसलाई अन्त्य गर्ने सरकारको प्रयास प्रसंशनीय छ ।' 'वन्यजन्तुहरूबाट तयार हुने खानाप्रति यस्तो तीव्र वासना केवल यी प्रजातिहरूको अस्तित्व नै खतरामा पार्ने मात्र छैन । यसले कोरोनाभाइरसको प्रकोपलाई थप जटिल बनाउन सहयोगी देखेर सरकारले यो निर्णय गरेको छ । त्यसैले यो प्रतिबन्ध छिट्टै फुकुवा हुन सक्दैन,' थामले भने । 'नयाँ निर्देशन र वन्यजन्तुको आयात अन्त्य गर्ने कामले जङ्गली जीवनको संरक्षणवादीहरूले वर्षौंदेखि घरेलु बजारमाथिको प्रतिबन्ध लगाउन गरेका सिफारिसहरूको प्रतिफल हो,' स्टिभ गाल्स्टरले भने ।

उनले कोभिड-१९ को महामारीका कारण हजारौं सङ्क्रमित बने पनि महामारी रोक्ने एक उपायस्वरूप वन्यजन्तुको आयात तथा व्यापारमा सरकारले लगाएको प्रतिबन्ध एउटा राम्रो सुरूवात भएको र आगामी दिनमा यसले थप गति लिने विश्वास व्यक्त गरे ।

# आसाममा बाढीबाट मृत्यु हुनेको संख्या ९६ पुग्यो



भारत/एजेन्सी- भारतको उत्तर पूर्वी राज्य आसाममा परेको भारी वर्षा र बाढीमा परी ज्यान जाने व्यक्तिको संख्या ९६ पुगेको छ। यहाँ शुक्रबार थप तीन जनाको ज्यान गएपछि बाढीबाट यहाँका कम्तीमा पनि ९६ जनाको ज्यान गएको समाचारमा जनाइएको छ ।

यस राज्यमा गएको हप्तादिनसम्म परेको अविरल वर्षापछि ठूलो बाढी आएको थियो । अहिले पनि वर्षाको क्रम जारी नै छ । त्यस बाढीमा परी यस राज्यका अधिकारीहरुले यहाँ जनधनको ठूलो क्षति भएको बताएका छन् ।

आसाम राज्यको विपद् व्यवस्थापन विभागले दिएको जानकारीअनुसार यहाँ शुक्रबार बिहानसम्म ९३ जनाको ज्यान गएको र शुक्रबार राति थप तीन जनाको शव भेटिएको बताएको हो ।

यहाँका २७ लाख मानिस नराम्ररी प्रभावित भएका पनि सो विभागले जनाएको छ। उनीहरु घरबास छोडेर सुरक्षित स्थलतर्फ जानुपर्ने अवस्था आएको बताइएको छ । तीमध्ये चार हजार भन्दा बढी मानिस घरबारबिहीन नै भएका छन् । आसाममा चार सयभन्दा बढी शिविर बनाएर विस्थापित भएका मानिसहरुलाई राखिएको बताइएको छ ।

# इन्डोनेसियाका राष्ट्रपतिको कोरोना परीक्षण नेगेटिभ




इन्डोनेसिया/एजेन्सी- इन्डोनेसियाका राष्ट्रपति जोको विडोडोको कोरोना परीक्षण गरिएको छ । कोरोनाभाइरसबाट सङ्क्रमित भएको आशंकामा उहाँको कोरोना परीक्षण गरिएको अधिकारीले जानकारी दिएका छन् । परीक्षणपछिको नतिजा अनुसार उनलाई कोरोनाभाइरसको सङ्क्रमण भएको छैन ।

'नतिजा राम्रो आयो, भगवानलाई धन्यवाद छ, राष्ट्रपति स्वस्थ हुनुहुन्छ,' राष्ट्रपतिको सचिवालयका प्रमुख बुडी हार्टोनोले सञ्चारमाध्यमसँग भने । कोरोना परीक्षणका लागि राष्ट्रपति विडोडाको स्वाव शुक्रबार दिउँसो संकलन गरिएको पनि हार्टोनोले शनिबार जानकारी दिए ।

उनलाई भेट्न गएका अर्का एक नेतालाई कोरोनाभाइरसको सङ्क्रमण देखिएकाले राष्ट्रपतिलाई पनि सरेको हुनसक्ने आशंकाले उनको परीपक्षण गरिएको हो । राष्ट्रपति कार्यालयमा कोरोनाभाइरसको सङ्क्रमण फैलिन नदिनेगरी उच्च सतर्कता अपनाइएकाले उनलाई नसरेको अधिकारीले बताएका छन् ।


**तमोर मेवा हाइड्रो पावर इन्भेष्टमेन्ट कम्पनी लि. स्वेच्छाले खारेज गर्ने बारेको लिक्वीडेटरको सूचना**

नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७२-१०-२४ मा दर्ता भएको र.नं. १४४९५४।०७२।०७३ को तमोर मेवा हाइड्रो पावर इन्भेष्टमेन्ट कम्पनी लि.को मिति २०७७।०४।०१मा बसेको विशेष साधरणसभाबाट यस कम्पनीलाई कम्पनी ऐन २०६३ को दफा १२६(१) को व्यावस्था अनुरुप स्वेच्छाले खारेज गर्ने निर्णय गरी मलाई लिक्विडेटर नियुक्त गरेकोले यस कम्पनीसंग कोही व्यक्ति, संस्था, कम्पनीको केहि लिनु वा दिनुपर्ने कुनै दावि भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो दावि र सो दाविलाई प्रमाणित गर्ने कागज प्रमाण सहित तपशिल बमोजिमको ठेगानामा दावि पेश गर्नु हुन सुचित गरिन्छ सो अवधि भित्र कुनै दावि पर्न नआएमा वा उक्त अवधि पश्चात् कुनै दावि पर्न आएमा सो माथि कुनै कारवाही नहुने व्यहोरा पनि यसै सूचनाद्धारा सूचित गरिन्छ ।

**लिक्विडेटरः- अधिवक्ता, देवि प्रसाद भट्टराई, इजाजत प्र.प.नं.:-१७४**

**अनामनगर, काठमाडौं, फोन नं.९८५१०४२०८८**



**माइग्रेसन हरायो**

मिति २०७६/१२/०२ गते बसुन्धारबाट धुम्बाराहीसम्म जाँदा मेरो निम्न व्यहोरा भएको माइग्रेसन सर्टिफिकेट हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा वुझाई दिनु हुन अनुरोध गर्दछु ।

**नाम : रोशन राई**
**ठेगाना : मुक्ली-६, सोलुखुम्बु**
**रजिष्टेशन नं. : ६८०६३१०७३**
**सिम्बल नं. : ३०६०३४७८**
**फोन : ९८४२४३०६३१**



**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

तेस्रो पटक प्रकाशित मिति २०७७/०४/११

यस कम्पनीको मिति २०७७/०३/१५ मा सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **जि. आई. एण्ड स्टील इण्डष्ट्रीज प्रा.लि. (प्रा.लि.नं. १३५१११)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७/०३/२६ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **स्मार्ट सिलीङ्ग इण्डष्ट्रिज प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।



**रुविशा ईन्जिनियरिङ कन्सल्टेन्सी एण्ड ट्रेनिङ्ग सेन्टर प्रा.लि.को हकदाबी गर्न आउने बारे ३५ दिने सूचना**

कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वरमा दर्ता भएको रुविशा ईन्जिनियरिङ कन्सल्टेन्सी एण्ड ट्रेनिङ्ग सेन्टर प्रा.लि. (प्रा.लि. नं. ७०७४७) को मिति २०७६/०४/१४ को विशेष साधारणसभाले कम्पनी खारेजी गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय बानेश्वर, काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेजीको प्रकृया अगाडी बढाई दर्ता खारेज गरिनेछ ।

**लिक्वीडेटरः श्रीधर न्यौपाने**
**इजाजतपत्र नं. २३८, फोन नं. ९८४१२५६६८५**



**म्यानपावर तु-विक्रिमा**

**चालु अवस्थामा रहेको कुनै पनि उजुर बाजुर नभएको, २०७८ असार मसान्तसम्म नवकिरण भएको, मेनपावर अफिससहित विक्रिमा भएकाले लिन ईच्छुक व्यक्तिहरुले तु-सम्पर्क गर्नु होला ।**

**मुल्य रु. ८०,००,०००/- (अक्षरेपी रुपैया असी लाख मात्र) अफिस सहित**

**सम्पर्क : ९८०८९८८६६२**



**प्राइम लाइफ**

**प्रधान कार्यालय हात्तीसार, काठमाडौं, नेपाल**
**फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४, पो.ब.नं. २५५७५**

**हकदाबी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने ब्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.स. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | १०१०००९७३५ | प्रकाश अधिकारी | नेपालगंज-७, बाँके |
| २ | १०१००११२३४ | सोनु पराजुली | कलंकी-१४, काठमाण्डौ |
| ३ | १०१००१००५२ | मिना गिरी | कटुन्जे-७, ओखलढुङ्गा |
| ४ | १०१००१०२३२ | रनी योञ्जन | लिसंखु-६, सिन्धुपाल्चोक |
| ५ | १०१००१४०३० | कृष्ण बहादुर भण्डारी | नेचा, सोलुखुम्बु |
| ६ | १०१००००७६४ | दिल बहादुर कुमाल | बुर्तिभाङ्ग-२, बाग्लुङ्ग |
| ७ | १००००००२४१ | दुर्गा बहादुर चौधरी | पंचकुले-७,दाङ्ग |
| ८ | १५६०००३४४९ | कमल प्रसाद सिग्देल | गाडाकोट-६, पाल्पा |
| ९ | १०१००१५०७८ | तपस राम भण्डारी | कमलादी, काठमाण्डौ |
| १० | १०१००१५०७७ | तरङ्ग राम भण्डारी | कमलादी, काठमाण्डौ |



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०७७/०४/११)

यस कम्पनीको मिति २०७६/०४/०२ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साबिक कम्पनीको नाम **मेनका इनट्रनेशनल प्रा.लि. (प्रा.लि. नं. ११७००८)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोंनुपर्ने कर दायित्व आदि परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रिारको कार्यालयको मिति २०७६/०५/०६ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **निओम इन्टरनेशनल प्रा.लि. (प्रा.लि. नं. ११७००८)** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

# बक्स अफिस समाचार

## सौन्दर्य क्षेत्रमा जमेका नारायण



प्रतिक्षा गौतम/मध्यान्ह
काठमाडौं, १० साउन

पछिल्लो समयमा धेरैमा सौन्दर्यसम्बन्धी चेतनाको विकास भएको छ । सौन्दर्य सम्बन्धी चेतको विकास भएसँगै यो क्षेत्रमा सौन्दर्यकर्मीहरूको प्रवेश तीव्र रूपमा बढेको छ । यो पेसामा मानिसहरू दिनहुँ गुणात्मकरूपमा संलग्न हुँदै गएका छन् । प्रसिद्ध व्यक्तित्व जोन रे ले भेनका छन् , ' सुन्दरता शक्ति हो र मुस्कान त्यो शक्ति प्रदान गर्ने हतियार हो ।' यसैले त अनादिकालदेखि आजका दिनसम्म सौन्दर्यका विषयमा मानिसहरुको लगाव हुँदै आएको छ। सुन्दरता मानिसको आत्मविश्वास तथा समग्र पहिचान मापन गर्ने मापदण्ड पनि हो। यसलाई मानव आत्मविश्वासको कसी पनि भनिएको छ। पुरुष हुन् वा महिला सबैले सुन्दर र आकर्षक देखिनु हर कोहीको चाहना हुन्छ र जरुरी पनि छ। यद्यपि सुन्दर देखिनुमा सबैको एउटै कारण नहुनसक्छ । पेसा, व्यवसाय तथा व्यक्तिगत ढाँचाका आधारमा सुन्दरताका कारण फरक हुन सक्छन् ।

एकातिर सुन्दरतासँग सम्बन्धित र अर्कातिर जिउने आधारका रूपमा खडा भएकाले पनि पछिल्लो समय मानिसहरू यो पेसातर्फ आकर्षण भएको देखिन्छ । पन्ध्रौं शताब्दीतिर इटलीबाट सुरु भएको मानिने यो व्यवसायलाई नेपालमा भने प्रताप मल्लको पालामा मुस्लिम समुदायले भित्र्याएको अनुमान गरिन्छ । समयको गतिसँगै यो पेसामा पनि ठूलो परिवर्तन देखिएको छ। पछिल्लो समय यो पेसाको महत्वले स्थान पाउँदै गएको छ । यसैले सौन्दर्यकर्मी र प्रशिक्षकको माग पनि बढ्दै गएको छ । यस्तै लामो समयदेखि यही पेशमा संलग्न रहेका धेरैलाई चिटिक्क र प्रशिक्षण मार्फत सयौंलाई सौन्दर्य सम्बन्धि ज्ञान दिइरहेको नाम हो नारायण भट्टराई ।

सौन्दर्यकर्ममा आफ्नो पहिचान अग्रपंक्तिमा अघि बढिरहेकाछन् नारायण । उनी विगत लामो समयदेखि सौन्दर्य क्षेत्रमा आफ्ना अनुभव पस्किरहेका छन् । पाल्पाको बौघा पोखराथोकमा बुबा डिलाराम भट्टराई र माता लक्ष्मि भट्टराईको कोखबाट वि.सं. २०३९ मा जन्मिएका नारायण यतिवेला काठमाडौंलाई कर्मथलो बनाई सौन्दर्यसम्बन्धि कार्यमा संलग्न छन् । मानिसहरुमा सौन्दर्य चेत विकास गर्दै सुन्दर र स्वास्थ्य रहन अभिप्रेरित गरिरहने नारायणले यसै सम्बन्धि 'मेक पअ टिप्स' र 'वल्ड अफ व्युटि' जस्ता दुई पुस्तक पनि पाठक माझ ल्याएका छन् ।

विद्यालय उमेरदेखि नै सौन्दर्य प्रति विशेष लगाव राख्ने नारायण आफ्नो कडा मिहिनेत र सङ्घष कै कारण आजका दिन चुम्न सफल भएका छन् । उनले ललितपुरको इमाडोलमा 'भट्टराई हेयर डिजाइन एण्ड व्युटिकेयर' सञ्चालनमा ल्याएका छन् । जहाँबाट उनले सौन्दर्य सम्बन्धि सम्पूर्ण सेवाहरु प्रदान गर्दै आएका छन् । यस क्षेत्रमा उनको निपुणता तथा कौशलताले उत्कृष्ट सेवा प्रदान गर्दै आएका छन् ।

सौन्दर्य कलापति निरन्तर चनाखो नारायण विभिन्न सामाजिक राष्ट्रिय/अन्तर्राष्ट्रिय संस्थामा पनि आबद्ध रहेर सामाजिक कार्यहरु पनि अघि बढाइरहेका छन् । यस्तै सक्रियताले गर्दा दर्जनौ उपाधिसहित विभिन्न अवार्ड तथा पुरस्कारबाट सम्मानित भएका नारायण विभिन्न सौन्दर्य प्रतियोगितामा निर्णयकको भूमिकासमेत निर्वाह गर्दै आएका छन् । आफैँमा पनि भद्र देखिने उनी आफ्नो लक्ष्य प्राप्तिको निम्ति आफैँभित्रको आत्मिक आवाजलाई सुन्न सक्नुपर्छ भन्छन् ।

नारायणले अहिलेसम्म आउँदा फेशन शो, वृतचित्र, म्युजिक भिडियो, टेलिचलचित्र तथा ठूलो पर्दाका चलचित्रमा पनि आफ्नो कला प्रस्तुत गरेका छन् । मेकअप आर्टिस्टमा पछिल्लो समयमा पढेर पनि धेरै आएका छन् । यो क्षेत्रमा पारिश्रमिक पनि राम्रै छ । यो क्षेत्रमा लागेर राम्रै गरेको छु मैले उनी भन्छन् । आफूले काम राम्रो दिनुपर्छ मिहिनेत गर्नुपर्छ, राम्रो हुन्छ भन्ने नारायण 'मैले राम्रो काम गर्छु, सस्तो-महङ्गो भन्ने कामको कुरा हो जस्तो लाग्छ' भन्छन् ।

लामो समयदेखि यो क्षेत्रमा निरन्तर लागेका उनी आफूले सबै प्रकारको मेकअप गर्ने खुबी राख्ने दाबी गर्छन् । उनका अनुसार मेकअप टोन हेरेर हुन्छ, र्‍याम्प मोडल मेकअप, फिल्मी मेकअप र अन्य मेकअप फरक-फरक प्रकारको हुन्छ । त्यस्तै, मेकअप क्यामेरा हेरेर पनि हुन्छ, क्यामेराअनुसार पनि मेकअप फरक-फरक हुन्छ । पछिल्लो समय पार्लरबाट आएकाहरुले प्रोफेसनल प्राविधिकलाई गाह्रो बनाएको बताउने उनी यसले गर्दा जुन मेकअप हुनुपर्ने हो, त्यस्तो नदेखिने बताउँछन् । हामीले आफ्नो व्यक्तित्वलाई अरुको नजरमा भदा देखाउनु हुँदैन । जहिले पनि मेकअप गर्दा समय परिस्थिति अनि अवस्थालाई ध्यान दिएर गर्नुपर्छ । यसरी मिलाउन सकियो भने व्यक्ति पनि सुन्दर देखिन्छ । अफ्नो अवस्थाको बारेमा धेरै कुराहरु जान्न मन लागेमा विशेषज्ञसँग सरसल्लाह लिन लाई पनि पछाडि हट्नु हुँदैन । थोरै जानकारी कहिले काहीँ घातक हुन सक्छ, यसमा विचार पुर्‍याउनका लागि उनी आग्रह गर्छन् । सौन्दर्यले मानिसको व्यक्तिगत विकास गराउन मद्दत पुग्ने उनी बताउँछन् । यो क्षेत्रमा आउन चाहनेहरुका लागि आफूले मिहिनेत गर्न सक्छु भनेर सिकेर आउनुहोस् भन्छन् । 'राम्रो दिन सक्नुपर्छ, राम्रो छ भन्न चाहन्छु नयाँ आउनेहरुलाई', नारायण सल्लाह दिन्छन् ।

## रामेछापका प्रतिभा
## फिल्म सम्पादक खड्का




**काठमाडौं/मस-** सन् २०१२ मा चलचित्र 'चपली हाइट' बाट फिल्म क्षेत्रमा प्रवेश गरेका दिर्घ राज खड्का यतिबेलाका स्थापित फिल्म सम्पादक हुन् । हुनत सन् २०१२ अघि नै उनी च्यानल नेपाल, नेपालवानलगायत च लतीका टेलिभिजनहरुमा प्रोग्राम एडिटरको भुमिकामा कार्यरत थिए । सन् २०१२ मा जब उनी फिल्म सम्पादक भएर रंगमञ्चमा प्रवेश गरे, त्यसपछि उनले आफनो क्षमताको प्रचुर उपयोग गर्न पाए ।

रामेछापको खाँडादेबी-३, भिरपानीमा बिसं २०३९ सालमा जन्मिएका खड्का निकै कडा मेहेनतको जंघार तरेर यहाँसम्म आइपुगेका हुन् । करियरको सुरुवाती दिनहुरुमा चलचित्र प्रति अथाह लगाव मेहेनत, त्याग र तपस्या गरेका छन् उनले । फलस्वरुप आज नेपालका चर्चित एबं अत्यन्तै रुचाइएका, मंहगा फिल्म सम्पादकको परिचय उनले बनाएका छन् । नेपाली चलचित्र उद्योगमा पछिल्ला वर्षहरुमा हिट भएका धेरैजसो फिल्महरुको सम्पादन उनैले गरेका छन् ।

उनी यस क्षेत्रमा लागेको १५ वर्ष जति भयो । यसबीचमा आफुले दर्जनौं फिल्म, टेलिफिल्म, म्युजिक भिडियो, वृतचित्र, सर्टफिल्म लगायतमा सम्पादनकोरुपमा काम गरेको उनी बताउँछन् । बिएसम्म औपचारिक अध्ययन गरेका छन् उनले ।

बाल्यकालदेखि नै फिल्मप्रति अत्यन्तै लगाब राख्ने उनको स्वभाव थियो । सम्पादक खड्का भन्छन्, 'फिल्म क्षेत्रमा लाग्ने इच्छा चाहना एकदमै थियो तर सम्पादक पेसामै लाग्छु भन्ने चाहीँ थिएन । समयक्रमसँगै अघि बढ्दै जाँदा यस पेसाप्रति आफुलाई निकै चाख लाग्दै गएको उनी बताउँछन् । खासगरी यस क्षेत्रमा आउनमा च्यानल नेपाल टेलिभिजनमा काम गर्दाताका अनिल तन्दुकार, सिमोस सुनुवारलगायत अग्रज दाइहरुले आफुलाई सहयोग गरेको खड्का बताउँछन् ।

फिल्म सम्पादक खड्काले यस क्षेत्रमा प्रवेश गर्नुअघि सिगेट मल्टी मिडियाबाट बेसिक कम्प्युटर लगायत मल्टी मिडिया सम्बन्धी विभिन्न कम्प्युटर कोर्स सिकेका थिए । त्यसबाहेक आफ्नै दृढ इच्छा, मेहनत र स्व-अध्ययनले अघि बढेको उनी बताउँछन् ।

हालसम्म दिर्घ खड्काले ३०-३५ भन्दा बढी फिल्महरुमा सम्पादनको कैंची चलाइसकेका छन् । उनले सुरुमा सम्पादन गरेको चलचित्र 'चपली हाइट-१' दर्शकमाझ असाध्यै रुचाइएको चलचित्र हो । जुन चलचित्र अहिलेका चर्चित निर्देशक दिपेन्द्र के खनालले निर्देशन गरेका थिए । सोही चलचित्रपश्चात नेपाली सिने जगतमाआमुल परिवर्तनहरु भएको पाइन्छ । त्यस पश्चात नेपाली सिने क्षेत्र प्रविधिहरुमा निकै फड्को मारेको पाइएको छ । त्यतिबेला दिर्घ खड्कालगायत उनका साथीहरुको समुहले पुराना चलनचल्तिका प्रविधिभन्दा नयाँनयाँ प्रविधिहरुबाट नेपाली सिने क्षेत्रको स्तर निकै सुधारिएको हो । उनी नेपालमा बनेको पहिलो थ्रिडी फिल्मका पहिलो सम्पादक पनि हुन् । त्यसपछि उनको चलचित्र यात्रा निरन्तर अघि बढेको उनी बताउँछन ।

उनले सम्पादन गरेका हिट फिल्महरुको नाम लिनुपर्दा चपली हाइट-१, छड्के, भिजलान्ते थ्रिडी, झोले, नाइनभन्नु ल-२, पशुपतिप्रसाद, धनपती, होस्टल रिर्टन, ऐश्वर्या, स्टुपीड मन, मिसन पैसा, लभ लभ लभ, जंगबहादुरको कोट, सायद-२, पञ्चेबाजा, क्याप्टेन, चंगा चैट, चपली हाइट-२, ए मेरो हजुर-३, लब डायरीज, आमालगायत उत्कृष्ट फिल्महरु रहेका छन् । उत्कृष्ट काम गरे वापत उनले चपली हाइट-१ बाट डी सिने अर्वाड, पुशपतीप्रसादबाट चलचित्र कलाकार अवार्ड, चपली हाइट-२ बाट एनएफडीसि अवार्डलगायत थुप्रै राष्ट्रिय अवार्ड तथा सम्मानहरुबाट सम्मासनित भइसकेका छन् । यस क्षेत्रमा मिहेनतका साथ राम्रो काम गर्नसके प्रतिफल पनि राम्रो पाइने उनी बताउँछन् ।

ख्यातीप्राप्त कलाकार, निर्देशक तथा निर्माताहरुसँग काम गर्न पाएकोमा उनी खुशी छन् । आहिलेका धेरै जस्ता निर्माता, निर्देशक तथा कलाकारहरु सबैको पहिलो रोजाइको फिल्म सम्पादक हुन सफल भएकोमा उनी आफुलाई भग्यमानी ठान्दछन् । सुरुवाती दिनदेखि आजका दिनसम्म पनि निर्देशक दिपेन्द्र के खनालसँगको सहकार्य निरन्तर भएको उनी बताउँछन् । एउटा फिल्म सम्पादन गरेबापत उनले ४ लाखसम्म लिने गरेको र आर्थिकरुपमा पनि यस पेशाले सन्तुष्ट दिएको उनी बताउँछन् । अहिले फिल्म सम्पादक भएर सिने जगतमा योगदान दिइरहेका खड्का भोलिका दिनमा चलचित्र क्षेत्रलाई नै निरन्तरता दिएर निर्माण तथा निर्देशनमा अघि बढ्ने चाहना रहेको सुनाउँछन् । उनले हिजो आज फिल्महरुको सम्पादन मात्रै गर्दैनन् नयाँ आइरहेका युवाहरुलाई प्रशिक्षण समेत दिने गरेका छन् ।

रामेछापको ग्रामिण भेगमा जन्मिएर पनि भयंकर संर्घषका बाबजुत दिर्घ खड्का फिल्म सम्पादनमा स्थापित भएका छन् । जसमा आफ्नो सफलताको पछाडि निरन्तरता र मेहेनतको भूमिका रहेको बताउँछन् ।



## भुवनले साम्राज्ञीविरुद्ध अदालतमा दर्ता गरे मुद्दा

**काठमाडौं/मस–** अभिनेता भुवन केसी र अभिनेत्री साम्राज्ञी आरएल शाहबीचको विवाद अदालतसम्म पुगेको छ । साम्राज्ञीले फिल्म 'ड्रिम्स' को सेटमा आफूलाई नराम्रो व्यवहार गरेको र जापानमा भएको अवार्डमा दुर्व्यवहार गरेको आरोप लगाएपछि भुवनले चलचित्र कलाकार संघमा सत्यतथ्य छानबिनको माग गर्दै निवेदन दिएका थिए । संघले विवाद मिलाउन नसकेपछि भुवन अदालत पुगेका छन् ।

अभिनेता केसीले बिहीवार जिल्ला अदालत काठमाडौंमा साम्राज्ञी विरुद्ध मुद्दा दर्ता गरेका छन् । उनी गाली बेइजतीको मुद्दा लिएर अदालत पुगेका हुन् । यो विषयमा विभिन्न व्यक्तिहरु बोल्न थालेपछि अब सबै कुरा अदालतले फैसला गर्ने भुवनले बताएका छन् । साम्राज्ञीले सामाजिक सञ्जालमा पटक-पटक भिडियो सार्वजनिक गरेर आफूमाथि झुटा आरोप लगाएको उनको भनाइ छ ।

बलिउड अभिनेता सुशान्त सिंह राजपूतको निधनपछि फिल्म क्षेत्रमा नेपोटिज्म र ग्रुपिज्मको विषयमा बहस भइरहँदा अभिनेत्री साम्राज्ञीले इन्स्टाग्राममा एक भिडियो पोस्ट्याउँदै आफूले अभिनय गरेको आठ फिल्ममध्ये तीन फिल्म ब्यानरका व्यक्तिले नराम्रो व्यवहार गरेको बताएकी थिइन् । उनले भोलीका दिनमा पुनः यस्ता घटना दोहोरिए कानुनी बाटो रोज्ने चेतावनी दिएकी थिइन् ।

साम्राज्ञीले आफूलाई लक्षित गरेर अभिव्यक्ति दिएको भन्दै भुवन केसीले फेसबुकमा 'जुन थालमा खाने त्यही थालमा दुलो पार्ने' भन्दै आक्रोशपूर्ण स्टाटस लेखे । दोस्रो स्टाटसमा उनले पितातुल्य व्यक्तिको बारेमा अनर्गल तथा झुटा प्रचार गरेको र पुनः सामाजिक सञ्जालमा आफ्नो मान(सम्मानमा आँच पुग्ने खालको भिडियो पोस्ट्याए साइबर क्राइमको मुद्दा हाल्ने चेतावनी पनि दिएका थिए ।

## बाल गायक भट्टराईको 'मेरी आमा' सार्वजनिक



**सिरहा/मस–** बाल गायक अग्रज भट्टराईको स्वरमा 'मेरी आमा' बोलको गीत सार्वजनिक भएको छ । गायक अग्रजको आधिकारिक यूट्युब च्यानलबाट सार्वजनिक भएको गीतमा आमाको ममता र महिमाबारे वर्णन गरिएको छ । गीतमा शब्द र संगीत शान्तिराम राईको छ भने संयोजन आगा लामाले गरेका छन् ।

यसअघिसमेत अग्रजको स्वरमा 'सबै भन्छन्' र 'बादलमा बुट्टा' बोलको गीत सार्वजनिक भएको थियो । 'मेरी आमा' गीत अग्रजको स्वर रहेको तेस्रो कर्ण प्रीय गीत हो ।

भट्टराई बहुप्रतिभाशाली बाल गायक हुन् । खोटाङको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-४ स्थायी बसोबास भएका बुवा मीन भट्टराई र आमा जुनु भट्टराईका सुपुत्र अग्रज हाल काँडाघारीस्थित अक्षरा स्कूलमा अध्ययनरत छन् ।

सानै उमेरदेखि संगीतमा रुची राख्ने अग्रज बहुप्रतिभाशाली साथै अध्ययनमा पनि उत्तिकै अब्बल छन् । उनी संगीतको आदर्श र प्रेरणाको स्रोत गुरु क्षितिज कुलुङलाई मान्छन् ।

## 'बारपाकी माया' को सिक्वेल बन्ने



**काठमाडौं/मस-** अनिता गुरुङ र खिलबहादुर गुरुङ अभिनीत फिल्म 'बारपाकी माया' को सिक्वेल निर्माण हुने भएको छ । गोरखाको बारपाक गाउँमा छायांकन गरिएको फिल्मले गुरुङ संस्कृतिको विषयलाई उठान गरेको थियो । सिक्वेलमा भने बारपाकको जनजीवन र त्यहाँको रहनसहनलाई प्रस्तुत गरिने निर्देशक प्रितम गुरुङले जानकारी दिए । लकडाउनमा फिल्मको स्क्रिप्ट तयार पारिएको हो ।

फिल्म 'बारपाकी माया २' करिब ८० लाखको बजेटमा निर्माण हुने बताइएको छ । फिल्मको उत्तरी गोर्खाको बारपाक, लाप्राक, मम्चे डाँडा, धार्छेजस्ता रमणीय स्थानमा छायांकन गरिने निर्देशक गुरुङले बताए । सरकारले फिल्म छायांकनका लागि अनुमति दिएसँगै फिल्मको छायांकन सुरु गर्ने तयारीमा निर्माण टिम छ । फिल्ममा केही कलाकार पुराना र केही नयाँ हुने जनाइएको छ ।

'बारपाकी माया' मा २०७२ सालको महाभूकम्पअघिको बारपाकी गाउँको सुन्दर दृश्यहरु कैद गरिएको थियो । सिक्वेलमा भूकम्पपछि तहसनहस भएको गाउँको पुनर्निर्माणपछिको दृश्यहरुलाई कैद गरिनेछ । अघिल्लो श्रृंखलालाई दर्शकहरुले रुचाएका कारण सिक्वेल निर्माण गर्न लागेको निर्देशक गुरुङ बताउँछन् । फिल्मका लागि अडिसनबाट कलाकार छानिने बताइएको छ ।

## 'टाइगर ३' मा पनि सलमान र कटरीना



**काठमाडौं/एजेन्सी–** अभिनेता सलमान खान र अभिनेत्री कटरीना कैफ बलिउडको सबैभन्दा रुचाइएको जोडीमध्ये एक हो । यी दुईले 'एक था टाइगर', 'टाइगर जिन्दा हे', 'युवराज', 'मैंने प्यार क्यों किया', 'भारत' सहित केही फिल्ममा काम गरेका छन् । दुवैको केमेस्ट्री दर्शकहरुले निकै रुचाउने गरेका छन् । अब यो जोडीले पुनः एकपटक 'टाइगर' को तेस्रो पार्टमा काम गर्न लागेको खबर बाहिरिएको छ ।

एक इन्टरटेनमेन्ट पोर्टलका अनुसार, सलमान खानले 'टाइगर ३' का लागि मञ्जुरी दिइसकेका छन् । फिल्मको छायांकन अर्को वर्षबाट सुरु हुनेछ । एक सूत्रले पिंकविलासँग कुराकानी गर्दै भनेको छ, 'सलमान खान फिल्म गर्न तयार छन् । फिल्ममा उनको अपोजिटमा कटरीना कैफ हुनेछिन् ।' सलमान र कटरीनाको जोडीलाई अनस्क्रिनमा सबैभन्दा सक्सेसफुल मानिन्छ ।

फिल्मलाई मनीष शर्माले निर्देशन गर्ने बताइएको छ । सूत्रले भनेको छ, 'मनीष शर्माले 'टाइगर ३' लाई निर्देशन गर्नेछन् । आदित्य चोपडाको विश्वास छ कि उनले 'टाइगर' फ्रेन्चाइजलाई अगाडि लिएर जानेछन् र सलमानले मनीषसँग काम गर्नका लागि सहमति जनाएका छन् । मनीषसँग क्रिएटिभिटीको राम्रो ज्ञान छ । उनी नै आदित्य चोपडाको पहिलो र अन्तिम रोजाई हुन् ।'

# सन्दीपको सिपिएल यात्राबारे पर्यटन र खेलकुद मन्त्रालयलाई जानकारी



# सन्दीपले सिपिएल खेल्ने अन्योल

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० साउन

काठमाडौं, रासस- क्यारेबियन प्रिमियर लिग (सिपिएल) मा अनुबन्ध भएका सन्दीप लामिछानेले उक्त प्रतियोगिता खेल्ने नै अन्योल भएको छ ।

सन्दीपले सिपिएल खेल्नका लागि अबको एक साताभित्र ट्रिनिडाड एण्ड टोबागो पुगिसक्नु पर्ने छ । यसका लागि अहिलेसम्म उनको हवाई उडानको कुनै टुङ्गो लाग्न सकेको छैन ।

हवाई उडानको टुङ्गो लाग्न नसक्दा सन्दीपले सिपिएल खेल्न पाउनेबारे एकिन हुन नसकेको उनका व्यवस्थापक रमन सिवाकोटीले जानकारी दिए ।

'ट्रिनिडाड एण्ड टोबागो कसरी पुग्ने भन्नेबारे सोच्नै सकिएको छैन', उनले भने, 'सिपिएल खेल्नका लागि सन्दीप साउन १७ गतेसम्म पुगिसक्नु पर्ने हुन्छ ।'

सरकारले गत बुधबार बन्दाबन्दीको अन्त्य गरे पनि अन्तर्राष्ट्रिय हवाई उडान भने कोरोना भाइरसको कारण आगामी भदौ १ गतेदेखि मात्र खोल्ने निर्णय गरेको छ । सरकारको उक्त निर्णयका कारण सन्दीपलाई क्रिकेट खेल्नका लागि विदेश जान समस्या भएको हो । 'सन्दीप टोबागो कसरी पुग्ने भन्नेबारे विभिन्न निकायसित सल्लाह गरिरहेका छौं', व्यवस्थापक सिवाकोटीले भने ।

सरकारले हवाई यात्राका लागि पहल गरिदिए सन्दीपले सिपिएल खेल्ने सम्भावना रहेको सिवाकोटीको भनाई छ । 'सन्दीपको व्यक्तिगत पहलले टोबागो पुग्न सक्ने अवस्था छैन', उनले भने, 'त्यहाँ पुग्ने सरकारको सहयोगबाहेक अरु कुनै उपाय छैन', सन्दीपको टोबागो यात्राबारे आज पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, युवा तथा खेलकूद मन्त्रालयलगायत सरकारी निकायसित आवश्यक सहयोगका लागि अनुरोध गर्ने सिवाकोटीले बताए । सरकारको सहयोगले एउटा नेपाली खेलाडी विदेशमा खेल्न सक्ने र खेलका माध्यमले विदेशमा नेपालको इज्जत र प्रतिष्ठा बढ्ने उनको बुझाइ छ ।

एक साताभित्र सन्दीप टोबागो पुग्न नसके उनले सिपिएल गुमाउनुपर्ने अवस्था आउनेछ । 'उता पुगिसके पछि पनि १४ दिन क्वारेन्टिनमा बस्नुपर्ने हुन्छ', सिवाकोटीले भने, 'हामीसित समय निकै कम छ, सरकारले आजभोलिमै पहल गरिदिए सन्दीपले सिपिएल खेल्ने सम्भावना रहन्छ ।' सन्दीप यस यामको सिपिएलका लागि जमैका तल्लावाहजबाट अनुबन्धित भएका छन् । उनलाई जमैकाले एक लाख ३० हजार अमेरिकी डलर (रु एक करोड ५६ लाख) मा अनुबन्ध गरेको हो । उनी उक्त टिमको मार्की खेलाडी पनि हुन् । सन्दीपले यसअघि पहिलो र दोस्रो संस्करणको सिपिएल खेलेका छन् ।

सिपिएल आगामी भदौ २ गतेदेखि भदौ २५ गतेसम्म चल्ने छ । सिपिएलमा जमैकासँगै बार्बेडोस् ट्रिडेन्ट्स, ट्रिनबागो नाइट राइडर्स, गुएना अमेजन वारियर्स, सेन्ट लुसिया जौउक्स र सेन्ट किट्स एण्ड नेभिस प्याट्रिओट्सले प्रतिस्पर्धा गर्नेछन् । सिपिएलमा कुल ३३ खेल हुने छन् । कारोना भाइरसका कारण ती सबै खेल बिना दर्शक खेलाइने छन् ।

सन्दीप तेस्रो पटक सिपिएल खेल्ने तयारीमा छन् । उनले यसअघि सन् २०१८ मा पहिलोपटक सेन्ट किट्स एन्ड नेभिस पेट्रीयट्सबाट खेलेका थिए थियो । त्यसका लागि उनलाई पाँच हजार अमेरिकी डलर पारिश्रमिक दिइएको थियो । उनले सो प्रतियोगितामा पाँच खेलमा सात विकेट लिनुभएको थियो । यस्तै दोस्रो पटक सिपिएल सन्दीपले सन् २०१९ मा बार्बाडोस ट्राइडेन्ट्सबाट खेल्नुभएको थियो । उनले छ खेलमा आठ विकेट लिएका थिए । सन्दीपले गत वर्ष ७० हजार अमेरिकी डलर पारिश्रमिक प्राप्त गरेका थिए ।

यस वर्षको सिपिएलका लागि १९ वर्षीय सन्दीपले आफ्नो अनुबन्धित मूल्य ९० हजार अमेरिकी डलर तोके पनि एक लाख ३० हजार डलर दिने सम्झौता भएको छ । यस पटकको सिपिएलका लागि २३ देशका ५३७ खेलाडीले नाम दर्ता गराएका थिए ।

# एन्फाले बोलायो ३५ खेलाडीलाई प्रशिक्षणमा



**काठमाडौं, मस-** अखिल नेपाल फुटबल संघ (एन्फा) ले फिफा विश्वकप छनोटको प्रशिक्षणका लागि ३५ जना खेलाडीलाई बोलाएको छ । भदौ १ गतेबाट प्रशिक्षण सुरु गर्ने तयारीमा रहेको एन्फाले साउन १६ गते रिपोर्टिङका लागि खेलाडीहरुलाई सम्बन्धित क्लबमार्फत शुक्रबार पत्रचार गरेको जनाइएको छ । प्रशिक्षणअघि खेलाडीलाई १४ दिन होटलमा क्वारेन्टिनमा राखिने एन्फाले जनाएको छ । साउन २४ देखि २५ गतेसम्म खेलाडीको पीसीआर परीक्षण गरेर २९-३० गते क्याम्पका लागि एन्फा होस्टलमा राखिने छ । एन्फाको होस्टलाई अहिले ललितपुर महानगरपालिकाले क्वारेन्टिनको रुपमा प्रयोग गरिरहेको छ । खेलाडी बस्नुअघि होस्टल खाली गरेर स्यानिटाइज गरिने छ । त्यति बेलासम्म काठमाडौं उपत्यकामा घर हुने खेलाडी र आफैं बस्दै आएका खेलाडीलाई होम क्वारिन्टनमा राख्ने, उपत्यकाका बाहिरका खेलाडीको हकमा होटलमा राख्ने विषयमा छलफल भइरहेको एन्फा महासचिव इन्द्रमान तुलाधरले जानकारी दिए ।

मन्त्रिपरिषद्को गत मंगलबार बसको बैठकले अन्तर्राष्ट्रिय प्रतियोगिता गर्न र प्रारम्भिक प्रशिक्षण सुरु गर्न दिने नियर्ण गरेसँगै एन्फाले विश्वकप छनोटको तयारीका लागि प्रक्रिया अघि बढाएको हो ।

एसियाली फुटबल महासंघ (एएफसी) ले असोज २२ गते विश्व कप छनोटको स्थगित खेल खेलाउने यसअघि नै जानकारी गराइसकेको छ । कोरोना भाइरसको महामारीका कारण चैतमा हुनुपर्ने विश्वकप छनोटको खेल स्थगित भएको थियो ।

नेपालले घरेलु मैदानमा चाइनिज ताइपेइ, अष्ट्रेलिया र जोर्डनसँग खेल्न बाँकी छ। नयाँ तालिकाअनुसार नेपालले आगामी असोज २२ गते चाइनिज ताइपेइसँग खेल्ने छ भने अष्ट्रेलियासँग त्यसको पाँच दिनपछि २७ गते प्रतिस्पर्धा गर्नेछ । सबै खेल दशरथ रगंशालामा हुनेछन् ।

अहिलेसम्मको पाँच खेलमा नेपालले १ जित र ४ हारसहित ३ अंक जोडेको छ । पाँच राष्ट्र सम्मिलित समूहमा नेपाल चौथो स्थानमा छ ।

प्रारम्भिक चरणको प्रशिक्षणका लागि गोलरक्षकमा किरण चेम्जोङ, विकेश कुथु, विशाल श्रेष्ठ, एलन न्यौपानेलाई बोलाइएको छ । यस्तै, रक्षकमा देवेन्द्र तामाङ, दिलेन लोक्तानसरोज दाहाल, अजित भण्डारी, छिरिङ गुरुङ, रञ्जित धिमाल, सुमन अर्याल, अमित तामाङ, विकास खवास, अनन्त तामाङ रहेका छन् । मिडफिल्डरमा एरिक विष्ट, सुजल श्रेष्ठ, विशाल राई 'बी', सेसेहाङ आङदेम्बे, तेज तामाङ, विक्रम लामा, सुवास गुरुङ, मिक्छेन तामाङ, पुजन उपरकोटी, रवि पासवान, सुनिल बल, अञ्जन विष्ट, रोहित चन्द रहेका छन् ।

यस्तै, फरवार्डमा भरत खवास, नवयुग श्रेष्ठ, अभिषेक रिजाल, जर्ज प्रिन्स कार्की, दर्शन गुरुङ, आशिष लामा र विमल राना रहेका छन् ।

## बिमल ३५ मा परेनन्

**काठमाडौं, मस**-नेपाली राष्ट्रिय फुटबल टिमका स्ट्राइकर विमल घर्तिमगर आसन्न फिफा विश्वकप छनोटका लागि अखिल नेपाल फुटबल संघ एन्फाले बोलाएको ३५ खेलाडीको सूचीमा अट्न सकेनन् । भदौ एक गतेबाट सुरु हुने प्रशिक्षकका लागि विमललाई राष्ट्रिय टिमका प्रशिक्षक योहान कालिनले नै ३५ खेलाडीमा राखेनन् । जसका कारण उनले घरेलु मैदानमा हुने विश्वकप छनोटका तीन खेल गुमाउने संभावना उच्च भएको छ ।

फिफा विश्वकप छनोट अन्तर्गत नै दोस्रो चरणमा कुवेतविरुद्धको खेल खेल्न जानुभन्दा अघिल्लो दिन चार जना फुटबलर रातभर क्लवमा विताएपछि कारवाहीमा परेका थिए । त्यसमा विमल घर्तिमगर पनि थिए । जसका कारण प्रशिक्षक योहान कालिनले चारै जनालाई तत्कालै टिमबाट हटाएका थिए ।

एन्फाको अनुशासन समितिले उनलाई जरिवाना सहित कारवाहि सुनाएको थियो । त्यो बेला विमललाई ९० दिन निलम्बन गरिएको थियो भने ५० हजार जरिवाना लगाइएको थियो । जसका कारण उनले ए डिभिजन लिगको अन्तिम खेल मात्र खेलेका थिए । मछिन्द्रबाट बिमलले आर्मीबिरुद्ध खेलेका थिए ।

त्यो बेला कारवाहिमा परेका मध्ये अहिले एन्फाले बोलाएको ३५ खेलाडीको सूचीमा अञ्जन विष्टमात्र रहेका छन् । बाँकी विमल, दिनेश राजवंशी र सन्तोष तामाङलाई स्थान दिइएको छैन ।

घरेलु मैदानमा हुने विश्वकप छनोटका लागि ३५ खेलाडीको सूचीमा विमल नअट्नुको कारणबारे एन्फाका महासचिव इन्द्रमान तुलाधरसँग बुझ्दा यो सूची मुख्य प्रशिक्षक योहान कालिनले नै तयार पारेको र सबै जिम्मा प्रशिक्षकको हातमा दिइएकाले एन्फाले केहि गर्न नसक्ने बताए ।

उनले प्रशिक्षकको निर्णयमा एन्फाले हस्तक्षप गर्न नपाउने भनेर पहिले नै प्रशिक्षकसँग सम्झौता भइसकेको बताए । यो सबै निर्णय प्रशिक्षक कालिन गरेको र त्यहि अनुसार एन्फाले प्रक्रिया अगाडी बढाएको बताए ।

विमललाई क्याम्पको सूचीमा नराखेको भन्दै सोसियल मिडियामा पूर्व फुटबलकर्मी र खेलाडीले विरोधपनि गरेका छन् । यसका साथै अचानक फिटनेशको कारण देखाउँदै करिव एक बर्ष अगाडी राष्ट्रिय टिमबाट बाहिरिएका विराज महर्जनलाई पनि मौका दिइएको छैन । उनले एन्फासँग एउटा अन्तराष्ट्रिय खेल खेलेर सन्यास लिने भनेर भनिसकेको अवस्थामा उनलाई पनि प्रशिक्षणमा राखिएको छैन ।

# पीएसजीले जित्यो कोपा डि फ्रान्सको उपाधि



**काठमाडौं, एजेन्सी-** पेरिस सेन्ट जर्मेन (पीएसजी) कोपा डि फ्रान्सको च्याम्पियन बनेको छ । घरेलु मैदानमा शुक्रबार राति भएको खेलमा सेन्ट इटिनेलाई १-० ले पराजित गर्दै पीएसजीले कोपा डि फ्रान्सको च्याम्पियन बन्न सफल भएको हो ।

स्टेट डि फ्रान्स पेरिसमा शुक्रबार राति भएको खेलमा पीएसजीलाई च्याम्पियन बनाउन ब्राजिली स्टार फरवार्ड नेयमारले पहिलो हाफमा गरेको गोल नै निर्णायक बन्यो । उनले खेलको १४औं मिनेटमा गोल गर्न सफल भएका थिए । सेन्ट इटिनेका डिफेन्डर म्याथिउ डिबुचीको गल्तीमा फ्रेन्च फरवार्ड केलियन एमबाप्पेले नेयमारसँग वान टु वान मुभमा गरेको प्रहारलाई सेन्ट इटिनेका गोलरक्षक जेसे मौलिनले बचाएपनि रिवाउन्डमा नेयमारले गोल गर्न सफल भएका थिए ।

त्यसअघि खेलको पाँचौ मिनेटमा डेनिस बोउआंगाको प्रहार पोस्टमा लागेर बाहिरिदा सेन्ट इटिने अग्रता लिनबाट चुकेको थियो । २१औं मिनेटमा माकोनको क्रसमा बोउआंगाको हेडरलाई पीएसजीका गोलरक्षक केलर नाभासले बचाए । २५औं मिनेटमा एन्जल डि मारियाको प्रहारलाई मौलिनले उत्कृष्ट बचाउ गर्दै अर्को गोल टारे ।

३१औं मिनेटमा सेन्ट इटिने १० खेलाडीमा समेटियो । कप्तान लोइक पेरिनले केलियन एमबाप्पेमाथि गम्भीर ट्याकल गरेपछि रेफ्रीले भिएआरको सहायता लिदै सिधै रातो कार्ड खादै मैदानबाट बाहिरिएको थियो । एमबाप्पे पनि खेल्नै नसक्ने भएपछि ३३औं मिनेटमा सब्सिच्युट गरिएको थियो । ३४औं मिनेटमा नेयमारको फ्रिकिक पोस्टबाट थोरै बाहिरियो । पहिलो हाफको इन्ज्युरी समयमा मोउरो इकार्डीको प्रहारलाई मौलिनले बचाए ।

दोस्रो हाफमा पनि पीएसजीले गोलका केही उत्कृष्ट मुभ बनाएपनि थप गोल गर्न नसक्दा नेयमारको गोल नै निर्णायक बन्यो । पीएसजीको यो सिजनको दोस्रो उपाधि हो । पीएसजी यसअघि फ्रेन्च लिग वानको च्याम्पियन बनेको थियो । पीएसजीले कोपा डि फ्रान्स १३औं पटक जित्न सफल भएको छ ।



## जाभीलाई कोरोना संक्रमण

**काठमाडौं, एजेन्सी-** स्पेनिस क्लब बार्सिलोनाका लेजेन्ड तथा कतारी क्लब अल सादका मुख्य प्रशिक्षक जाभी हर्नान्डेजलाई कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ । केही दिनअघि कतार स्टार्स लिग (क्युएसएल) का लागि कतार फुटबल फेडेरेसन (क्युएफए) ले सबै जनाको कोरोना परिक्षण गर्दा ४० वर्षीय प्रशिक्षक जाभीमा कोरोना भाइरसको संक्रमण पुष्टि भएको हो ।

कोरोना भाइरस सक्रमण पुष्टि भएसँगै सेल्फ आइसोलेसनमा रहनुपर्ने भएकाले प्रशिक्षक जाभीले क्युएसएलको अल खोरविरुद्धको पहिलो खेलमा टच लाइन गुमाएका छन् । जाभीले सामाजिक सन्जाल इन्स्टाग्राममा आफुलाई कोरोना भाइरसको संक्रमण पुष्टि भएको जानकारी दिदै परिक्षण गर्ने कतार फुटबल फेडेरेसनलाई धन्यवाद दिदै पुर्ण रुपमा आइसोलेसनमा रहने बताएका छन् ।

स्पेन तथा बार्सिलोनाका लेजेन्ड मिडफिल्डर जाभीले क्वारेन्टिनमा रहँदा पनि अल सादको प्रशिक्षण गुमाएका थिए । अल सादलाई रिजर्भ प्रशिक्षक डेभिड प्राट्सले प्रशिक्षण दिएका थिए ।

## समाज कल्याणद्वारा खेलाडीलाई राहत वितरण

**काठमाडौं, मस-** शहीद स्मारक 'सी' डिभिजन क्लब समाज कल्याण खेलकुद केन्द्रले कोरोना भाईरसबाट प्रभावित आफ्ना खेलाडीलाई राहत वितरण गरेको छ । क्लबले शनिबार एक कार्यक्रमकाबीच आफ्ना २५ खेलाडीलाई राहत वितरण गरेको हो ।

नयाँ बजारमा आयोजित कार्यक्रममा क्लबले २५ खेलाडीलाई जनही ३ हजारको दरले राहत दिएको हो । एन्फाबाट पाएको आर्थिक सहयोगबाट क्लबले खेलाडीलाई राहत वितरण गरेको हो । गत महिना एन्फाले क्लबलाई ७५ हजार उपलब्ध गराएको थियो । समाज कल्याणका अध्यक्ष पवन कार्की, कोषाध्यक्ष राकेश सापकोटा लगायतले खेलाडीलाई राहत वितरण गरेका थिए ।

कोरोनाका कारण सी डिभिजन लिग सुरु हुन सकेको छैन । तर, क्लबमा अनुबन्धित खेलाडीलाई क्लबले राहत उपलब्ध गराएको हो ।



# होटल सञ्चालनको पूर्वतयारीमा जुट्न आग्रह

**पोखरा/रासस–** सरकारले बन्दाबन्दी खुलेको घोषणा गरेपछि पश्चिमाञ्चल होटल सङ्घ, पोखराले होटल सञ्चालनको लागि पूर्वतयारी गर्न आग्रह गरेको छ । सङ्घका तर्फबाट अध्यक्ष विकल तुलाचनले एक विज्ञप्ति जारी गरी बन्दाबन्दीले लामो समय बन्द रहेका होटल व्यवसायलाई पूर्ववत् रुपमा सञ्चालनको लागि तयारी गर्न आग्रह गरेका हुन् ।

विज्ञप्तिमा भनिएको छ, 'वर्तमान अवस्थाले पर्यटकहरुको आगमनमा शून्य रहेको हुँदा यो समयलाई सदुपयोग गर्दै प्रमुख पर्यटकीय सिजनलाई लक्षित गरी त्यस समयमा आगमन हुने पाहुनालाई भयरहित वातावरणको सुनिश्चितता गर्न आग्रह गरिन्छ ।' आतिथ्यता प्रदान गर्न सङ्घले होटल प्रतिष्ठानमा कार्यरत कर्मचारीहरुलाई होटल सञ्चालन कार्यविधि (प्रोटकल) अनुरुप तालीम प्रदान गर्ने, सुरक्षा सावधानीका सामग्री खरिदमा सहजीकरण गर्ने हुँदा यहाँहरुलाई आन्तरिक तयारीमा जुट्न आग्रह समेत गरिएको छ ।

पर्यटनलाई चलायमान बनाउन वर्तमान समयमा आन्तरिक पर्यटकको विशेष भूमिका रहने भन्दै सङ्घले निकट समयमा नै डिजिटल वा विभिन्न माध्यमहरुबाट आन्तरिक पर्यटन प्रवर्द्धनका कार्यहरुको तयारी गरिरहेको पनि जनाएको छ । यसैगरी होटल सेवा पनि सावधानी अपनाउँदै क्रमिक रुपले खुल्दै जाने अपेक्षा



सङ्घले गरेको छ । पर्यटनलाई पुरानो लयमा फर्काउन होटल सञ्चालन कार्यविधि जारी गरेको अवस्थामा सो कार्यविधि अवलम्बन गरी व्यवसाय सञ्चालन गर्नु सबैको दायित्वलाई स्मरण गराइएको छ ।

नेपाल सरकारद्वारा गत श्रावण ६ गतेबाट जन जीवन र आर्थिक गतिविधिलाई चलायमान बनाउन पूर्ण सुरक्षा सावधानी अपनाउँदै करिब चार महिनाको बन्दाबन्दी अन्त्य भएको घोषणा गरेको थियो । घोषणासँगै श्रावण १५ गतेदेखि होटल, रेष्टुरेण्ट तथा पर्यटन व्यवसाय र भदौ १ गतेदेखि लामो दूरीका यातायात सेवा, आन्तरिक तथा अन्तर्राष्ट्रिय हवाई सेवा पुनःसञ्चालन गर्न सेवा प्रदायकहरुलाई अनुमति प्रदान गरेको छ ।

यसैगरी सङ्घले हालै मात्र नेपाल राष्ट्र बैंकले जारी गरेको २०७७/७८ को मौद्रिक नीतिमा होटल तथा पर्यटन क्षेत्रमा सहुलियत दरको पुनर्कर्जा, ऋणको पुनःतालिकीकरण, साँवा तथा ब्याज भुक्तानीको लागि थप समयावधि माग भएअनुसार केही सम्बोधन हुनुले वर्तमान परिस्थितिमा केही राहत मिलेको महसुस गरेको उल्लेख गरेको छ । यसको यथाशीघ्र कार्यान्वयनको लागि पनि नेपाल राष्ट्र बैंकको ध्यानाकर्षण गराइएको छ ।

कोभिड-१९ को कारण पर्यटन क्षेत्रमा देखिएको शिथिलतालाई मध्यनजर गर्दै सङ्घ होटल प्रतिष्ठानहरुलाई नवीकरण शुल्क र नयाँ सदस्यता शुल्कमा ५० प्रतिशत छुट दिई आर्थिक वर्ष २०७७/७८ को नवीकरण र नयाँ सदस्यता प्रदान गर्ने जानकारी पनि सङ्घले गराएको छ ।

अध्ययन सामग्री वितरण गरिने

कोभिड-१९ का कारण विद्यालय जान नपाएका विद्यार्थीलाई पोखरा महानगरपालिकाले अध्ययन सामग्री वितरण गर्ने भएको छ । पोखरा महानगरपालिकाको शिक्षा महाशाखाले 'सो अध्ययन सामग्री' तयार गरी सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई वितरण गर्ने महानगरका शिक्षा महाशाखा प्रमुख हेमप्रसाद आचार्यले जानकारी दिए ।

उनका अनुसार वैकल्पिक सिकाइ सहजीकरण निर्देशिका २०७७ अनुसार पहिलो चरणमा साउन ११ र १२ गते विभिन्न आठ वटा वडामा रहेका विद्यार्थीलाई अध्ययन सामग्री वितरण गर्न लागिएको हो । पोखरा महानगरपालिकाका ३३ वटै वडाका विद्यार्थीहरुलाई पहिलो चरणमा आठ वटा वडामा पाँच हजार छ जना विद्यार्थीलाई सो अध्ययन सामग्री वितरण गरिने छ ।

विद्यालय जान नपाएका विद्यालयलाई लक्षित गरी पोखरा महानगरपालिकाले विद्यार्थीमा सकारात्मक ऊर्जा सिर्जना गर्न र उनीहरुमा रहेको प्रतिभा प्रस्फुटन गराउन टेलिभिजन कार्यक्रम पोखरा शैक्षिक अभियान सञ्चालन गर्दै आएको छ ।

# हार्वेस्ट मुनद्वारा मलेसियामा पीडित ५५ नेपालीलाई निःशुल्क हवाई टिकट

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० साउन

खासगरी वैदेशिक रोजगारीको टिकेटिङ व्यवसायमा अग्रणी ट्राभलको रुपमा चिनिएको हार्वेष्ट मून ट्राभल एण्ड टूर्स प्रा.लि.ले मलेसियाको जेल र डिटेन्सन केन्द्रहरुमा रहेका ५५ जना नेपाली कामदारहरुलाई घर फर्किन निःशुल्क हवाई टिकट उपलब्ध गराएको छ । मलेसियास्थित नेपाली राजदूतावासले हालसम्म जेल र डिटेन्सन सेन्टरमा रहेका १ सय २६ नेपाली स्वदेश फर्किसकेको र थप ७५ जना फर्कन लागेको जानकारी दिँदै ती मध्ये ५५ जनालाई हार्वेष्ट मून ट्राभल एण्ड टूर्सले निःशुल्क हवाई टिकट उपलब्ध गराएको विज्ञप्ति मार्फत जानकारी दिएको छ ।

दूतावासका अनुसार आगामी २



९ जुलाइमा नेपाल आउन लागेका जेल र डिटेन्सन सेण्टरमा रहेका ७५ जनामध्ये ५५ जना पीडितहरुलाई हार्वेष्ट मुनले निःशुल्क टिकट उपलब्ध गराएको हो । सरकारले तोकेको चार्टर्ड विमानको हवाई भाडादर एक जनाको ४५ हजार १ सय हाराहारीमा रहेको छ । ५५ जनाको टिकटको मुल्य २५ लाख रुपैयाँ हुन आउँछ ।

हार्वेष्ट मुनका संचालक एवं ट्राभल ब्यबसायी राम श्रेष्ठले कम्पनीको सामाजिक उतरदायित्व अन्तर्गत हवाई टिकट निःशुल्क उपलब्ध गराइएको मध्यान्हलाई बताए । 'आफ्नो परिवारसंग समेत सम्पर्क गर्न नपाएका र आर्थिकरुपमा दयनीय अवस्थामा रहेका त्यसमा पनि मलेसियाको जेल र डिटेन्सन सेण्टरमा रहेका र नेपाली दूतावासको समेत सहयोगमा उद्धार हुन लागेका आफ्ना नेपाली दाजुभाइलाई आफुले सहयोग गर्न पाउँदा सन्तुष्टि मिलेको छ ', ब्यबसायी श्रेष्ठले भने ।

नेपाली दुतावासले जेल र डिटेन्सन केन्द्रहरुमा रहेका नेपाली नागरिक सम्बन्धी जानकारी चाहिएमा दुतावासको हटलाइन ०१६२४७२७७७ मार्फत वा जेल शाखाको इमेल मार्फतसमेत सम्पर्क गर्न सकिने बताएको छ ।

# विद्युत् महशुलमा ५० प्रतिशत छुट गर्न ऊर्जामन्त्रीसँग माग

**काठमाडौं/मस–** पर्यटन व्यवसायीले विद्युत् महशुलमा ५० प्रतिशत छुट गर्न उर्जामन्त्रीसँग माग गरेका छन् । कोभिड-१९ पर्यटन व्यवसाय विपद् समन्वय समितिले शुक्रबार साँझ ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनलाई भेटेर पर्यटन व्यवसाय बन्द रहेको अवस्थामा पनि डिमाण्ड शुल्कबवापत ठूलो रकम विद्युत् प्राधिरणलाई तिनुपर्दा व्यवसायी मारमा परेको भन्दै सो शुल्क मिनाह गर्न माग गरेका हुन् ।

विपद् समन्वय समितिका संयोजक एवं ठमेल पर्यटन विकास परिषद्का उपाध्यक्ष भविश्वर शर्मा ढुङ्गानाले बन्दाबन्दीका कारण ठमेलका व्यवसाय बन्द रहेको अवस्थामा विद्युत् युनिट उठेको



आधारमा बन्दाबन्दी शुरु भएको मितिदेखि कम्तीमा दुई वर्षसम्म ५० प्रतिशत छुट दिन मन्त्रीसमक्ष आग्रह गरिएको जानकारी दिए ।

भेटमा ठमेल पर्यटन विकास परिषद्, ट्रेकिङ एजेन्सिज एशोसिएशन अफ नेपाल (टान) नेपाल एशोसिएशन अफ टुर एण्ड ट्राभल एजेन्टस (नाट्टा), नेपाल पर्वतारोहण सङ्घ (एनएमए), होटल एशोसिएशन अफ नेपाल (हान), टुरिष्ट बस एशोसिएन अफ नेपाल (टिवान), नेपाल एशोसिएएन अफ रयाफ्टिङ एजेन्सिज (नारा), गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ), नेपाल कैलाश यात्रा सङ्घलगायत दुई दर्जन संस्थाका प्रतिनिधिको उपस्थिति रहेको थियो ।

भेटपछि ऊर्जामन्त्री पुनले बन्दाबन्दीका कारण मुलुकको हरेक क्षेत्रमा समस्यामा परेको भन्दै उक्त समस्या समाधानका लागि सरकार गम्भीर रहेको बताए । उनले पर्यटन क्षेत्रलाई पहिलेको अवस्थामा फर्काउनका लागि सरकारले गर्नुपर्ने कुनै कसरत बाँकी नराख्ने उल्लेख गरे । मन्त्री पुनले पर्यटन क्षेत्रलाई विद्युत् क्षेत्रमा दिने सहुलियतका बारेमा आफूले सम्बन्धित निकायसँग छलफल गर्ने प्रतिबद्धतासमेत व्यक्त गरे ।

# वाग्मती प्रदेशमा इम्बोस्ड नम्बरप्लेट वितरण सुरू

**काठमाडौं/मस–** सरकारले वाग्मती प्रदेशमा सबै प्रकारका सवारी साधनमा इम्बोस्ड नम्बरप्लेट वितरण सुरू गरेको छ । भौतिक पूर्वाधार तथा यातायातमन्त्री वसन्तकुमार नेम्वाङ र प्रदेश नं ३ का भौतिक पूर्वाधारमन्त्री रामेश्वर फुयाँलले संयुक्त रुपमा आज टेकुस्थित भेहिकल फिटनेस टेस्ट सेन्टरमा यसको वितरण सुरू गरेका हुन् ।

मन्त्री नेम्वाङले डिजिटल प्रविधिमा गएर स्मार्ट प्लेट रुपका रुपमा इम्बोस्ड प्लेट देशभरका सबै सवारी साधनमा राख्ने योजनानुसार सरकारको तर्फबाट यो प्रक्रिया अघि बढेको बताए । सुरूआतमा कानूनी कारण समस्या रहेपनि अहिले यो कार्यान्वयन हुन गइरहेको उनको भनाइ छ ।

केही वर्षभित्रै सातै प्रदेशमा दर्ता भएको सबै किसिमका सवारी साधनमा इम्बोस्ड प्लेट राखेर व्यवस्थित गर्ने कार्य सुरू भएको छ । उनले भने, 'यो काम तीव्रता दिन सबैलाई अनुरोध गर्दछु ।'

मन्त्री नेम्वाङले सङ्घीयतामा गएपछि सङ्घीय सरकार,




प्रदेश सरकार र स्थानीय तह तीनै तहलाई यातायातलाई व्यवस्थापनको जिम्मेवार दिएको बताए । यातायातलाई व्यवस्थित ढङ्गबाट सञ्चालन गर्न तीनै तह तदारुकताको साथ कार्यान्वयन गर्दै अगाडि बढेको उनको भनाइ छ ।

सबै सवारी साधनलाई चुस्तदुरुस्त राख्नका निम्ति त्यसको परीक्षण गर्ने कार्यालय स्थापना भइरहेको उनले जानकारी दिए । उनले भने, 'सातै प्रदेशमा भेहिकल फिटनेस टेस्ट सेन्टर स्थापना गर्ने सरकारको योजना बमोजिम बुटवल र हेटौँडामा स्थापना भइसकेको छ ।'

मन्त्री फुयाँलले यो नम्बर प्लेटका कारण सामाजिक अपराध कम हुने विश्वास गरे । सो नम्बर प्लेट लिनका लागि पहिले सवारी धनीले हालसम्मको राजश्व चुक्ता गर्नुपर्छ । विभागको वेवसाइटमा रहेको फाराम भरेर प्रिन्ट गर्न सकिनेछ । सो प्लेटका लागि फरक प्रकृतिका सवारी साधनका लागि फरक कार्यालयमा जाने व्यवस्था मिलाएको छ ।

दुईपाङ्गे सवारी साधनका लागि गुर्जुधारास्थित कार्यालय, तीन पाङ्गे साना तथा मझौला चारपाङ्गे सवारी साधनको नम्बर लिनका लागि टेकुस्थित भेहिकल फिटनेस सेन्टर जानुपर्नेछ । त्यस्तै, ठूला सवारी साधनका लागि एकान्तकुनास्थित यातायात कार्यालय र सरकार नम्बरप्लेटका लागि विभागमा जानुपर्ने बताएको छ ।

सवारी धनीले सो नम्बरप्लेटका लागि तोकिएको बैङ्कमा राजश्व बुझाउनुपर्ने विभागले जनाएको छ । दुईपाङ्गे सवारी साधनका लागि दुई हजार ५०० रूपैयाँ, चारपाङ्गे साना तथा मझौला सवारीका लागि तीन हजार २०० रूपैयाँ र ठूला सवारीका लागि तीन हजार ६०० रूपैयाँ राजश्व जम्मा गर्नुपर्नेछ ।

सवारीको कर चुक्तासम्बन्धी अद्यावधिक कागजात, नम्बरप्लेटवापतको रकम जम्मा गरेको बैङ्क भौचर र अनलाइन फाराम भरेको प्रिन्ट गरिएको कागजात तोकिएको कार्यालयमा जम्मा गर्नुपर्ने बताएको छ ।

# युवालाई कृषिमा प्रोत्साहन

**बलेवा/रासस–** खेतबारीमा काम गर्ने जनशक्तिको अभाव र उब्जनीमा किसानको विश्वास कम भएकै कारण कृषिजन्य उत्पादन निर्यात गर्ने गलकोट नगर क्षेत्रमा अहिले तरकारीसमेत बाहिरी बजारबाट आउँछ । 'खेतीयोग्य जमीन प्रशस्तै छन् तर उब्जनी घटेको छ,' नगरप्रमुख भरत शर्मा गैह्रेले भने, 'अब हामी उत्पादन बढाउनेतिर लागेका छौँ ।'

कोरोना कहरले देश फर्केका युवाको परिचालन गरेर कृषिजन्य उत्पादन बढाउने योजना नगरपालिकाले बनाएको छ । नगर युवालाई कृषि प्रतिको उत्प्रेरणा जगाउने योजनामा छ । कृषिमा आत्मनिर्भर बनाउन 'मेरा लागि म आफैँ उब्जाउँछु' कार्यक्रम तयार भएको छ ।

'नगर प्रमुख रोजगार कार्यक्रम' र महिलासँग उपप्रमुख रोजगार कार्यक्रम'लाई सदुपयोग गर्ने योजना नगरको छ । 'जमीन हुने किसानले बाँझो नराखून्, कम्तीमा आफूलाई चाहिले अन्न र तरकारी आफैँले उत्पादन गरून्,' गैरे भन्छन्, 'आयात प्रतिस्थापन नै निर्यातको आधर विन्दु हुनेछ ।'

नीति तथा कार्यक्रममै कृषिलाई प्राथमिकतामा राखेर स्वरोजगार मूलक उत्पादनमा लगाउने योजना नगरले बनाएको छ । 'नगरप्रमुख रोजगार कार्यक्रम' २८ लाख बजेटको हो । 'महिलासँग उपप्रमुख रोजगार कार्यक्रम'लाई ४० लाख बजेट छ । अङ्कका हिसाबले सानो देखिने बजेटबाट परिणाम प्रभावकारी निकाल्ने योजना रहेको नगरप्रमुख रेनुका काउचा बताउँछन् ।

सातौँ नगरसभाबाट आगामी दुई वर्षमा तरकारीमा आत्मनिर्भर, पाँच वर्षमा मासु तथा मासुजन्य पदार्थमा आत्मनिर्भर गराउने योजना बनाएको नगरले वडास्तरमा 'मेरा लागि म आफैँ उब्जाउँछु' कार्यक्रम सञ्चालनमा ल्याउने छ । लक्ष्य प्राप्तिका लागि यो कार्यक्रम प्रभावकारी हुने नगरका प्रवक्ता हिमबहादुर भण्डारीले बताए ।

आफ्ना लागि आवश्यक अन्न, तरकारी तथा माछामासुजन्य पदार्थ आफैँ उत्पादन भएमा मात्र कृषिमा आत्मनिर्भर गर्न सक्ने उनको धारणा छ । सामूहिक तथा सहकारीमार्फत खेती गर्ने, दरमखोलाको असला माछा संरक्षण गर्ने, विदेशबाट आएकालाई रोजगारी सृजना गर्ने काममा प्रोत्साहन गर्ने नीति लिएको प्रमुख गैरेले बताए ।

किसानलाई उत्पादनका आधारमा अनुदान, प्रविधि मैत्री कृषि प्रणाली, तालीम गोष्ठी र अनुभव आधार प्रदानका आधारमा उत्पादनसँग युवा जोड्ने योजनामा नगरपालिका छ । 'देशमै तिलोत्तमा नगरपालिका र मुसिकोट नगरपालिकाका प्रयास राम्रा छन् भन्ने सुनेको छु,' गैरे भन्छन्, 'उहाँहरुका अनुभव हेरेर थप योजना र विधि बनाउँछौँ ।' गलकोटले युवालाई व्यावसायिक बनाउँदै कृषिमा आत्मनिर्भर हुने योजना अघि सारेको छ ।

## विज्ञापन दर/रेट परिवर्तन सम्बन्धी सूचना

मध्यान्ह राष्ट्रिय दैनिकमा आ.व.२०७७/०७८ मा प्रकाशन हुने विज्ञापनको दर रेट निम्नानुसार कायम गरिएको छ । यो दर रेट २०७७ साउन १५ गतेदेखि लागू हुने व्यहोरा सम्पूर्ण विज्ञापनदाता, एजेन्सी एवं सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

### बिज्ञापन दर रेट

| | रंगिन प्रति सिसि | स्यामस्वेत प्रति सिसि |
|---|---|---|
| **प्राइभेट :** | | |
| प्रथम पृष्ठ | रू. १,६००/- | रू. १६,००/- |
| भित्री पृष्ठ | रू. १,४००/- | रू. १,२५०/- |
| अन्तिम पृष्ठ | रू. १,५००/- | रू. १,५००/- |
| **सरकारी :** | | |
| प्रथम पृष्ठ | रू. २,०००/- | रू. १,८००/- |
| भित्री पृष्ठ | रू. १,६००/- | रू. १,३००/- |
| अन्तिम पृष्ठ | रू. १,७००/- | रू. १,५००/- |
| **वर्गीकृत :** | | |
| वर्गीकृत डिस्प्ले | रू. १,५००/- | रू. १,०००/- |
| वर्गीकृत डिस्प्ले(प्रति शब्द) | रू. २०/- | |

ज्याकेट २ पेज रू. १०,००,०००/- उल्लेखित दर रेट मू.अ.क. बाहेक

मध्यान्ह
Madhyanha National Daily
राष्ट्रिय दैनिक

पो.ब.नं. २१९३४, बागबजार, काठमाडौं,
फोन नं. ४२२६३६६, ४२२८२९८
Email: madhyanhadaily59@gmail.com
Web: www.madhyanhadaily.com

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**